म.जि.प्र.का दर्ता नं: १०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं. ३०/०६५/०७०

वर्ष :१७ | अङ्क : १२६ | २०८२ चैत १५ गते आइतबार 29 March 2026, Sunday | पृष्ठ ४ | मूल्य रु. ५/-

## हामी नयाँ आकारमा

समृद्ध समाज राष्ट्रिय दैनिक मकवानपुरको लोकप्रिय दैनिक समाचारपत्र हो । हाम्रा पाठक, लेखक, विज्ञापनदाता, शुभेच्छुकहरु माझ हामीले आजबाट ब्रोडसिट आकारमा प्रकाशन सुरु गरेका छौं । छापा पत्रकारितामा पछिल्लो समय चुनौति बढ्दो छ । तर, हामी छापा पत्रकारितालाई आम पाठक सामु विश्वसनीय र प्रभावकारी माध्यमको रुपमा स्थापित गर्ने प्रयासमा छौं । छापा पत्रकारितालाई विश्वसनीय र प्रभावकारी बनाउने अभियानमा हामी हाम्रा पाठकबाट सल्लाह, सुझाव र प्रतिक्रियाको अपेक्षा गर्दछौं । नयाँ आकारले हाम्रा पाठकहरुलाई हामीप्रति अझ बढी आकर्षित गर्ने आशा राखेका छौं ।

सम्पादक ।

# पूर्वप्रधानमन्त्री ओली र पूर्वगृहमन्त्री लेखक पक्राउ



पूर्वप्रधानमन्त्री ओली र पूर्वगृहमन्त्री रमेश लेखक ।

समाज संवाददाता

हेटौंडा : नेपालका पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई प्रहरीले पक्राउ गरेको छ । गत भदौ २३ र २४ गते जेनजी आन्दोलनका बेला प्रधानमन्त्री ओली र गृहमन्त्री लेखक थिए । जेनजी आन्दोलनको घटनाबारे छानविन गर्न बनेको गौरीबहादुर कार्की संयोजकत्वको समितिले तयार पारेको प्रतिवेदनको सिफारिसको आधारमा प्रहरीले ओली र कार्कीलाई पक्राउ गरेको बताइएको छ ।

ओलीलाई भक्तपुरको गुण्डुबाट पक्राउ गरिएको हो भने लेखकलाई भक्तपुरको कटुन्जेबाट पक्राउ गरिएको छ । ओली र लेखकको पक्राउको विषयले राजनीतिक तरंग उत्पन्न भएको छ । शनिबार बिहानै ओली र लेखकलाई पक्राउ गरिएको हो । अपराध अनुसन्धान कार्यालय टेकुका एसएसपी सन्तोष खड्का नेतृत्वको टोली ओली निवास प्रवेश गरेको थियो । ओलीलाई पक्राउ गर्न शुक्रबार रातिदेखि नै प्रहरी टोली ओली निवास गुण्डु पुगेको थियो । भदौ २३ गतेको जेनजी आन्दोलनमा १९ जनाको ज्यान जाने घटनामा संलग्न भएको आरोपको अनुसन्धानका लागि भन्दै प्रहरीले ओली र लेखकलाई पक्राउ गरेको हो । नेपालको इतिहासमा मुलुकको कार्यकारी प्रमुख ज्यानमुद्दामा पक्राउ परेको यो पहिलो घटना हो । यसअघि कतिपय अवस्थामा राजनीतिक प्रकृतिका घटना र प्रदर्शनमा पूर्वप्रधानमन्त्रीहरु प्रहरी नियन्त्रणमा रहेपनि फौजदारी जाहेरीको अनुसन्धानका सिलसिलामा पक्राउ परेका थिएनन् ।

तीन दिनअघि मिडियाहरुमा सार्वजनिक भएको जाँचबुझ आयोगको प्रतिवेदनमा पूर्वप्रधानमन्त्री ओली, तत्कालीन गृहमन्त्री रमेश लेखक, पूर्वप्रहरी महानिरिक्षक चन्द्रकुबेर खापुङ लगायतमाथि मुलुकी अपराध संहिता २०७४ को दफा १८२ को कसुर गरेको आरोपमा पक्राउ गरेको हो । उक्त दफामा 'हेलचक्र्याईं गरी ज्यान मार्न नहुने' भन्ने व्यवस्था छ । हेलचेक्राईपूर्वक कसैको ज्यान मार्ने काम गरेमा ३ वर्षसम्म कैद र ३० हजार रुपैंयासम्म जरिवाना हुनसक्छ । नवनियुक्त प्रधानमन्त्री बालेन शाहले शपथ लिएको केही घण्टाभित्रै बसेको मन्त्रिपरिषद् बैठकले सुरक्षाकर्मीहरु बाहेकका हकमा गौरीबहादुर कार्की नेतृत्वको आयोगले पेश गरेको जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरेको थियो ।

मन्त्रिपरिषद्को निर्णय प्रमाणीकरण नहुँदै गृहमन्त्री सुदन गुरुङले भदौ २३ को घटनामाथि अनुसन्धान गर्न प्रहरीलाई निर्देशन दिएका थिए । त्यसपछि आयोगको प्रतिवेदन कार्यान्वयनको निर्णय कार्यान्वयन र त्यसपछिको पत्राचारका कागजात तयार गर्न कानून सचिव पारश्वर ढुंगाना रातभर खटिएका थिए । महान्यायाधीवक्ता कार्यालय सम्वद्ध स्रोतका अनुसार, केही मृतक र घाइतेका परिवारले पेश गरेको जाहेरीलाई प्रहरीले ओलीलाई पक्राउ गर्ने आधार बनाएको हो ।

पक्राउ परेका एमाले अध्यक्ष केपी शर्मा ओली त्रिवि शिक्षण अस्पताल (टिचिङ अस्पताल) मा उपचार भइरहेको छ । शनिबार बिहान पक्राउ परेपछि स्वास्थ्य परीक्षण गर्न उनलाई अस्पताल लगिएको थियो । आकस्मिक कक्षमा प्रारम्भिक केही परीक्षण गरिएपछि चिकित्सकको सल्लाह अनुसार नै भर्ना गरिएको थियो । ओली अहिले 'एनेक्स वान'को ५०१ बेडमा उपचाररत छन् । थप स्वास्थ्य परीक्षण गर्ने काम भइरहेको छ । उपचारमा संलग्न एक चिकित्सकका अनुसार ओलीको स्वास्थ्य अवस्थाबारे अहिले विभिन्न शारीरिक परीक्षण भइरहेका छन् । ओलीलाई मिर्गौला र मुटु रोग विशेषज्ञ टोलीले निगरानीमा राखेर उपचार गरिरहेका छन् । 'बिहान अस्पताल आउँदा उहाँको मुटुको चाल बढेको थियो,' ती चिकित्सकले भने, 'पेट पनि दुखेको भन्नु भएको थियो ।'

एक्सरे गर्दा भने पेटमा ढुंगा रहेको पाइएको ती चिकित्सकले बताए । उक्त ढुंगाका कारण पेट दुखेको हुनसक्ने ती चिकित्सकले बताउँछन् । अहिले पेट रोग विशेषज्ञ हेरिरहेका छन् । मुटुको अवस्था बुझ्न 'इको' परीक्षण गरिएको छ । मिर्गौलासम्बन्धी जाँच पनि भइरहेको छ । दुई पटक मिर्गौला प्रत्यारोपण गराइसकेका ओलीले नियमित रूपमा प्रत्यारोपणपछिको औषधि (इम्युनोसप्रेसिभ) सेवन गरिरहेका छन् । साथै मुटु एन्जियोप्लाष्टिक गरेका कारण सम्बन्धी औषधि, एन्टिबायोटिक र थाइरोइडको औषधि पनि चलिरहेको ती चिकित्सकले बताए । उनीहरूलाई आइतबार अदालत पेस गर्ने तयारी छ ।

ओलीलाई पक्राउ गरेपछि शनिबार बसेको नेकपा एमालेको सचिवालयको आकस्मिक बैठकले जेनजी आन्दोलनका घटनाबारे छानबिन गर्न छुट्टै आयोग गठनको माग गरेको छ । बैठकले सर्वोच्च अदालतका बहालवाला न्यायाधीशको नेतृत्वमा छुट्टै आयोग गठन गर्न माग गरेको हो । अन्तरिम चुनावी सरकारले पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वमा जाँचबुझ आयोग गठन गरेको थियो । अध्यक्ष ओली पक्राउ परेलगत्तै उपाध्यक्ष रामबहादुर थापा बादलको अध्यक्षतामा सचिवालय बैठक बसेको थियो । बैठकपछि एमालेका महासचिव शंकर पोखरेलले गौरी बहादुर कार्की नेतृत्वको आयोगले गरेको छानबिन निष्पक्ष नरहेको निष्कर्ष पार्टीले निकालेको बताए ।

यसआधारमा एमालेले छुट्टै आयोग गठन गर्न माग गरेको हो । 'उक्त घटनाको निष्पक्ष र न्यायीक छानबिनका लागि सर्वोच्च अदालतको बहालवाला न्यायाधीशको अध्यक्षतामा उच्चस्तरीय छानबिन आयोग गठन गर्न माग गर्दछ,' महासचिव पोखरेलले पार्टीको निर्णयबारे जानकारी दिए । नेकपा एमालेले अध्यक्ष ओली र कांग्रेस नेता लेखकको गिरफ्तारीलाई 'गैरकानुनी' भनेको छ । त्यसविरुद्ध कानुनी र राजनीतिक प्रतिवाद गर्ने निर्णय एमालेले गरेको छ । ओली र लेखक पक्राउको विरोधमा नेकपा एमालेले देशव्यापी प्रदर्शन गरेको छ । काठमाडौंमा सुरक्षाकर्मी र प्रदर्शनकारीबीच झडप समेत भएको छ । प्रहरीले ७ जना प्रदर्शनकारीलाई नियन्त्रणमा समेत लिएको छ । प्रहरीसँगको झडपमा केही प्रदर्शनकारी पनि घाइते भएका छन् ।

जम्मु-कश्मिरमा हिमपहिरो

## सात जनाको मृत्यु

काठमाडौं : भारतको जम्मु-कश्मिरमा हिमपहिरोमा परी सात जनाको मृत्यु भएको छ । श्रीनगर-लेह राजमार्गमा पर्ने जोजिला दर्रा (पहाडको बीचबाट जाने बाटो) नजिकै हिमस्खलन हुँदा सात जनाको मृत्यु भएको हो । दुर्घटनामा परी अन्य पाँच जना घाइते भएका छन् । समाचार एजेन्सी पीटीआईका अनुसार शुक्रबार दिउँसो जोजिला दर्रामा जिरो प्वाइन्ट र मिनीमार्गको भागमा हिमपहिरो गएको थियो ।

यो जम्मु-कश्मिर र लद्दाख जोड्ने राष्ट्रिय राजमार्ग हो । हिमस्खलनले कयौं गाडीहरू हिउँमा फसेका थिए । 'उचाइमा रहेको बाटो भएर गाडीहरूको आवागमन भइरहेको थियो,' बीबीसीको समाचारमा भनिएको छ, 'त्यही समयमा ठूलो मात्रामा हिउँ तल खस्यो र कयौं गाडीहरू पुरिए ।'

स्रोत : अनलाइनखबर ।

### बुधबारे बालसाहित्य

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

सम्पादक

# एसईई नतिजा सुधार गर्न विद्यालयहरुको संघर्ष

नानीमाया सापकोटा

हेटौँडा : मकवानपुर जिल्लामा अघिल्लो वर्ष माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा शून्य भएका विद्यालयहरुले यस वर्ष नतिजामा सुधार ल्याउन संघर्ष गरिरहेका छन् । जिल्लामा एसईईमा शून्य नतिजा प्राप्त गर्ने विकट क्षेत्रका ७ वटा विद्यालयहरुलाई नतिजा सुधारका लागि दबाब आएपछि संघर्ष गरिरहेका हुन् ।

जिल्लाको विकट मानिएको राक्सिराङ गाउँपालिका-४ स्थित कालिका माविबाट २ जना, राक्सिराङ-८ स्थित श्री माध्यमिक विद्यालयबाट १७ जना र राक्सिराङ-६ स्थित प्रजा जागृति माविबाट २९ जना विद्यार्थी एसईईमा सामेल भएकोमा शून्य नतिजा आएको थियो । बकैया गाउँपालिका-२ स्थित कालिका माविबाट २३ जना र बकैया-१० स्थित प्रसिद्ध माविबाट १५ जना एसईईमा सहभागी भए पनि शून्य नतिजा आएको थियो । जिल्लाको थाहा नगरपालिका-७, आग्रास्थित सुन्दरीदेवी माविबाट ८ जना र मनहरी गाउँपालिका-२ स्थित सीता माबिबाट २० जना सहभागी भएकोमा शून्य नतिजा प्राप्त भएको थियो ।

अघिल्लो वर्ष नतिजा शून्य आएका कारण विद्यालयलाई स्थानीय सरकार, प्रशासनलगायत विभिन्न पक्षहरुबाट नतिजा सुधारका लागि दबाब आएको र विद्यालयको वातावरणमा खासै परिवर्तन नआएकोले प्रधानाध्यापकहरु यसपटक पनि धेरै राम्रो सुधारको अपेक्षा नराखेको बताउँछन् । नतिजा शून्य आएका अधिकांश विद्यालयहरु विकट स्थानमा रहेको र विद्यालयहरुमा विषयगत शिक्षक नरहेका कारण विद्यार्थीले विषयवस्तुको राम्रो ज्ञान पाउन सकेका छैनन् ।

हालसम्म माध्यमिक तहको शिक्षक दरबन्दी नै नरहेको कारण प्राथमिक तहका शिक्षकहरुले कक्षा १० सम्म अध्यापन गर्दै आइरहेको श्री माध्यमिक विद्यालयका प्रधानाध्यापक रामबहादुर राउत बताउनुहुन्छ । उहाँको विद्यालयमा १२ जना शिक्षकमध्ये बालविकासमा १ जना, निमावि राहत ३ जना, प्रावि तहका स्थायी शिक्षक ४ जना, प्राविकै राहत १ र प्राविकै अस्थायी १ जना रहेका छन् ।

मावि तहमा पठनपाठनका लागि दीगो विकासका लागि एकता नेपाल नामक संस्थाको आर्थिक सहयोगमा २ जना शिक्षक उपलब्ध गराएकाले मात्र मावि तहमा कक्षा सञ्चालन केही सहज भएको प्रधानाध्यापक राउतको भनाइ छ । परीक्षाको फारम भर्नसमेत विद्यार्थी विद्यालयमा उपस्थित नभई फोनबाट अनुरोध गर्दै आएको उहाँको अनुभव छ । बालबिबाहले पनि विद्यालयमा असर पारेको उहाँको भनाइ छ । पालिकाबाट अनुगमन तथा चेतावनीमात्र आउने र विद्यालयलाई दीगोरुपमा सुधार गर्न स्थानीय सरकारले कुनै कदम नचालेकोप्रति उहाँको गुनासो छ । यसवर्ष २८ जना विद्यार्थी एसईईमा सहभागी हुँदै गर्दा १२ जना उत्तीर्ण हुने अपेक्षा विद्यालयले राखेको छ ।

बकैयास्थित कालिका माविका प्रधानाध्यापक सुकराम स्याङ्तान पनि स्थानीय तहले पटक-पटक अनुगमन गर्दै चेतावनी दिने गरेको तर सुधारका लागि कुनै समन्वय नगरेको आरोप लगाउनुहुन्छ । यस विद्यालयबाट विद्यालय छाड्ने बालबालिकाको संख्या उच्च भएपनि यसलाई कम गर्न कुनै कदम पालिकाले नचालेको उहाँको भनाइ छ । यस वर्ष ८ जना विद्यार्थी एसईईमा सहभागी हुँदैछन् । यसपटक भने विशेष कक्षासहितको पठनपाठन सञ्चालन भएकोले केहीको नतिजा राम्रो आउने विद्यालयको अपेक्षा छ । अभिभावकहरुमा बालबालिकाको शिक्षाप्रति कुनै चासो नदेखिएको उहाँको अनुभव छ ।

यस्तै समस्या मनहरी-२ स्थित सीता माविको पनि छ । यस विद्यालयमा कतिपय विद्यार्थीहरु बालबिबाह गरी सिधै परीक्षामा मात्र सामेल हुन आउने गरेकोले पनि नतिजा खस्किरहेको विद्यालयका प्रधानाध्यापक विशाल घलान बताउनुहुन्छ । विद्यालयले वडा कार्यालयसँगको समन्वयमा विद्यालयमा यस वर्ष होस्टेल राखेरै कक्षाहरु सञ्चालन गरिरहेको छ । यस वर्ष एसईई दिने ३० जनामध्ये १० जना उत्तीर्ण हुने विद्यालयले अपेक्षा राखेको छ । अभिभावकहरुमध्ये १० प्रतिशतमात्रै विद्यालयको सम्पर्कमा आउने गरेका छन् भने मावि शिक्षकको व्यवस्था यसै शैक्षिक सत्रबाट मात्र भएको कारण यस वर्ष भने राम्रो नतिजा आउने अपेक्षा राखेको प्रधानाध्यापक घलानले स्पष्ट पार्नुभयो ।




# बालेन सरकारको १०० बुँदे 'शासकीय सुधार कार्यसूची' सार्वजनिक

काठमाडौं : प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) को नेतृत्वमा गठित नयाँ सरकारले आफ्नो कार्यदिशा स्पष्ट पार्दै १०० बुँदे 'शासकीय सुधार कार्यसूची' सार्वजनिक गरेको छ । शुक्रबार बसेको मन्त्रिपरिषद्को पहिलो बैठकले स्वीकृत गरेको उक्त कार्यसूची शनिबार विस्तृत रूपमा सार्वजनिक गरिएको हो ।



जेन-जी आन्दोलन र २१ फागुनको जनादेशपछि गठित सरकारले सुशासन, प्रशासनिक पुनर्संरचना र जनजीविकामा प्रत्यक्ष सुधार ल्याउने गरी महत्वाकांक्षी योजना अघि सारेको छ। कार्यसूचीको महत्वपूर्ण विषयमा भ्रष्टाचार नियन्त्रण र सम्पत्ति छानबिन रहेको छ । सरकारले १५ दिनभित्र एक अधिकारसम्पन्न 'सम्पत्ति छानबिन समिति' गठन गर्ने घोषणा गरेको छ। उक्त समितिले २०४८ सालदेखि हालसम्म सार्वजनिक पद धारण गरेका प्रमुख राजनीतिक पदाधिकारी र उच्चपदस्थ कर्मचारीहरूको सम्पत्ति विवरण सङ्कलन, प्रमाणीकरण र छानबिन गर्नेछ । भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता अपनाउँदै 'जोखिममा आधारित रेड फ्ल्याग' प्रणाली लागु गरी शंकास्पद कारोबारको स्वचालिक पहिचान गरिने उल्लेख छ ।

त्यस्तै प्रशासनिक खर्च घटाउन सरकारले सङ्घीय मन्त्रालयको संख्या १७ मा झार्ने निर्णय गरेको छ । हाल कायम रहेका मन्त्रालयहरूको संख्या पुनरावलोकन गरी ३० दिनभित्र नयाँ कार्यविभाजन नियमावली संशोधन गरिनेछ। साथै, सार्वजनिक प्रशासनमा रहेको दलीय ट्रेड युनियन खारेज गर्ने र

...बाँकी पृष्ठ ४ मा

बुधबारे बालसाहित्य

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं।

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न लेख्न

सामुदायिक रेडियो, रेडियो निकास

...बाँकी पृष्ठ ३ मा

# सम्पादकीय

## बालेन युगको सुरुवात

गत फागुन २१ गतेको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले बालेन्द्र (बालेन) साहलाई भावी प्रधानमन्त्रीको रुपमा घोषणा गरेपछि मुलुकको चुनावी माहोल एकाएक तातिएको थियो । निर्वाचनमा उम्मेदवारी मनोनयन गर्ने अघिल्लो दिन (माघ ५ गते) जनकपुरमा रास्वपाले गरेको सभामा मधेशी मूलका बालेनले सम्बोधन गरेपछि पूरै मधेशमा नयाँ राजनीतिक तरङ्ग छायो । "अबकी बार बालेन सरकार" भन्ने नाराले मधेश प्रदेशका ८ जिल्लाका ३२ निर्वाचन क्षेत्रमध्ये ३० वटामा रास्वपाका उम्मेदवार विजयी भए । झापा-५ बाट नेकपा एमालेका अध्यक्ष केपी ओलीलाई भारी मतान्तरले पराजित गरेका बालेनकै "क्रेज"का कारण रास्वपाले १८२ सिट जितेर बालेनलाई प्रधानमन्त्री बनाएसँगै मुलुकमा बालेन युगको सुरुवात भएको छ ।

चैत १३ गते राष्ट्रपतिले प्रधानमन्त्रीमा नियुक्त गरेलगत्तै सपथग्रहण गरेर १४ जनालाई मन्त्री बनाएपछि बालेनको मन्त्रिपरिषद् बैठक बसेको थियो । बैठकले सरकारको प्रवक्ता तोक्नुका साथै शासनकीय सुधारका लागि १०० वटा कार्य स्वीकृत गर्ने निर्णय गरेको थियो । बैठकले जेनजी आन्दोलनको बारेमा गौरीबहादुर कार्की आयोगले दिएको प्रतिवेदन कार्यान्वयन गर्नेसमेत निर्णय गरेको थियो । सरकारले प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गर्नेवित्तिकै आयोगको सिफारिसबमोजिम पूर्वप्रधानमन्त्री केपी ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गरिएको छ । शनिबार सबेरै ओली र लेखक पक्राउ गरेर "एक्सन"मा आएको बालेन सरकारविरुद्ध एमाले सडकमा उत्रिएको छ । सरकार प्रतिशोधमा उत्रिएको भन्दै एमालले ओलीलाई तत्काल रिहा गर्नुपर्ने माग गर्दै काठमाडौंलगायत देशका विभिन्न ठाउँमा प्रदर्शन गरेको छ ।

बालेन प्रधानमन्त्री बनेसँगै हजुरबा पुस्ताले चलाउँदै आएको देश नाति पुस्तामा आएको छ । पुराना राजनीतिक दलहरुले सत्ताको भागबण्डा गर्दै पालैपालो सरकार सञ्चालन गरेर बेथिति र विसंगति बढाएको भन्दै निर्वाचनमा आम नागरिकले नयाँ र वैकल्पिक शक्तिको रुपमा उदाएको रास्वपा र बालेनको पक्षमा मतदान गरेका हुन् । विगतमा केपी ओली नेतृत्वको सरकारले रास्वपा सभापति तथा तत्कालीन गृहमन्त्री रवि लामिछानेलाई प्रतिशोधपूर्ण तरिकाले सहकारी ठगीसम्बन्धी मुद्दा लगाएको बदला अहिले रास्वपाको सरकारले लिएको कतिपयको बुझाइ छ । जेनजी आन्दोलनमा अत्यधिक बल प्रयोग गरी प्रदर्शनमा उत्रिएका युवा विद्यार्थीको हत्या गरिएकाले तत्कालीन प्रधानमन्त्री ओली र गृहमन्त्री लेखकलाई आयोगले दोषी ठहर गर्दै फौजदारी अभियोगमा कारबाही गर्न सिफारिस गरेका कारण त्यसको कार्यान्वयन गरेको सरकारको दावी छ ।

भ्रष्टाचार र बेथितिविरुद्ध कडारुपमा प्रस्तुत हुनुपर्ने अहिलको सरकारको पहिलो काम हो । जेनजी आन्दोलनको माग र मर्मलाई बालेन सरकारले आत्मसात गर्नका लागि पनि मुलुकमा विद्यमान तमाम बेथिति रोक्नु आवश्यक छ । यसका लागि सरकारले थुप्रै भ्रष्टाचारका फाइल खोल्ने आशा र विश्वास आम नागरिकमा छ । प्रधानमन्त्री बनेको २४ घण्टा पनि नहुँदै पूर्वप्रधानमन्त्री एवम् नेकपा एमाले अध्यक्ष ओलीलाई पक्राउ गरेर सरकारले चाहृयो भने जे पनि गर्न सक्छ भन्ने सन्देश बालेन सरकारले दिएको छ । सरकारको यो कामले कानुनविपरित काम गर्ने जोसुकैलाई पक्राउ गरी अनुसन्धान गर्न सकिने तथ्य प्रमाणित गरेको छ । बालेन युगको सुरुवातसँगै सत्ता र शक्तिको आडमा विभिन्न अपराध र भ्रष्टाचारका आरोपीहरुबारे अनुसन्धानसमेत नहुने अवस्थाको अन्त्य हुने आशा जगाएको छ । सरकारले सबै भ्रष्टाचारका मुद्दाका आरोपीहरुलाई यसैगरी पक्राउ गरेर अनुसन्धान गर्ने र दोषीलाई कडा कारबाही गर्ने हो भने आगामी दिनमा भ्रष्टाचार स्वत: कम हुने निश्चित छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : मान–प्रतिष्ठा बढाउन सकिने समयको योग रहेको छ ।
**वृष** : साथीभाइले महत्वपूर्ण काममा सहयोग गर्ने समय छ ।
**मिथुन** : बुद्धि र विवेकको प्रयोगले काममा पूर्णता प्राप्त होला ।
**कर्कट** : लगनशीलताले प्रतिष्ठा प्राप्ती योग रहने समय छ ।
**सिंह** : अधिकार प्राप्तीका लागी गरिएका काममा सफलता प्राप्ती ।
**कन्या** : बोलीलाई नियन्त्रण गर्दा विशेष लाभकारक रहला ।
**तुला** : आनन्द र रमणीयका लागी समय खर्च हुने समय छ ।
**वृश्चिक** : बन्दव्यापार र कारोबारका क्षेत्रमा ठिकै रहला ।
**धनु** : खानपान र मनोरञ्जनका लागी राम्रै समय छ ।
**मकर** : घरायसी समस्याका बारेमा समय बित्ला ।
**कुम्भ** : सार्वजनिक स्थानहरुको भ्रमणमा समय व्यतित होला ।
**मीन** : धार्मिक तथा सामाजिक काममा सरिक भइने छ ।

## आशाको केन्द्र बालेन सरकार

# यूवाको काँधमा देश



✍ बिशभ अधिकारी

मुलुक नयाँ युगमा प्रवेश गर्दैछ । पुराना दलहरू खुम्चिएर क्षेत्रीय पार्टीको आकारमा आएका छन् भने तीन वर्षअघि खुलेको रास्वपाले दुईतिहाइ नजिकको बहुमत प्राप्त गरेको छ । बालेन शाह यो देशको शक्तिशाली प्रधानमन्त्रीका रूपमा कार्य प्रारम्भ गर्दैछन् । प्रधानमन्त्री बालेन शाहले आफ्नो शपथग्रहण परम्पराभन्दा पृथक ढंगले आयोजना गरे । बदलिँदो राजनीतिक परिस्थितिमा प्रधानमन्त्रीलाई जनताले फरक रूपमा हेर्न खोजेका छन् । त्यसैले उनले कार्य प्रारम्भको शपथ नै सनातन सभ्यताको जगमा उभिएर मन्त्रोच्चारण र शंखध्वनिले गुञ्जायमान बनाए । १०८ बटुकहरूको स्वस्ति शान्ति वाचन, १०८ लामा गुरुहरूको मंगल पाठ र ७ वटा शंखनाद गरेर उनले यस मुलुकको पहिचान र सनातन धर्मप्रति आफ्नो प्रतिबद्धता देखाए ।

यो भव्य धार्मिक अनुष्ठानले प्रधानमन्त्रीलाई सकारात्मक ऊर्जा, नयाँ नेतृत्व न्याय र धर्मको बाटोमा अविचलित भएर अघि बढ्ने सन्देश पनि दिएको छ । 'बालेन धेरै बोल्दैनन्, काम गर्छन्' भन्ने भनाइ प्रचलित छ । आज सारा जनताले बालेनप्रति भरोसा र विश्वास व्यक्त गरिरहेका छन् । उनले आशा जगाउनेछन् भन्ने अपेक्षा छ । पुराना भनिएका दलहरूले मुलुक र जनतालाई निराश बनाएका छन् । भ्रष्ट्राचार र कुशासनको पिरामिड खडा भएको छ । देशका नवयुवाहरू विदेश पलायन हुन बाध्य भएका छन् । यही पृष्ठभूमिमा नवयुवाहरूले आफ्नो ज्यानको बाजी लगाएर भाद्र २३/२४ मा ठूलो उथलपुथल ल्याए, जसको परिणामस्वरूप निर्वाचन भयो र नयाँ सरकार बनेको छ ।

अब यो सरकारलाई काम गर्न कुनै अवरोध छैन । काम गर्न आँट, साहस र क्षमता चाहिन्छ । जनताले यो सरकार मेरो हो भन्ने महसुस गरेको दिन सरकार सफल हुनेछ । बालेन सरकारका चुनौतिहरू पनि थुप्रै छन् । कार्की आयोगको प्रतिवेदनलाई नयाँ सरकारले कसरी कार्यान्वयन गर्छ भन्ने महत्वपूर्ण विषय हो । दोषी देखिएकाहरूले उन्मुक्ति पाउनु हुँदैन । ७७ जनाले सहादत प्राप्त गरेका छन्, उनीहरू र तिनका परिवारले न्याय पाउनु अत्यन्त आवश्यक छ ।

कार्की आयोगको विषयमा भर्खर सरकारले आन्दोलनबारे बनेको जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरेको छ । कार्यान्वयन गर्दा सुरक्षा संयन्त्रको हकमा सिफारिस समिति गठन गरी सो को सिफारिस बमोजिम गर्ने र अन्यको हकमा प्रतिवेदन बमोजिम गर्न तत्काल तत्-तत् संयन्त्रलाई निर्देशन दिने निर्णय गरेको थियो र सो कार्की आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने सन्दर्भमा वर्तमान सरकार गठन भएको २४ घण्टा नबित्दै देखिएको सक्रियता स्वयम्मा महत्वपूर्ण सन्देश बनेको छ । पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गरिनु भनेको विगतमा जरा गाडेर बसेको दण्डहीनताको संस्कार अन्त्यतर्फको संकेत पनि हो । यसले सरकार कसैलाई पनि उन्मुक्ति नदिने, चाहे ऊ उच्च राजनीतिक पदमा पुगेको किन नहोस् भन्ने स्पष्ट सन्देश दिएको छ । यदि सरकार पूर्वप्रधानमन्त्री र गृहमन्त्रीसम्म पुग्न सक्छ भने प्रशासनिक तहका कर्मचारी वा अन्य प्रभावशाली व्यक्तिहरूलाई पनि कारबाहीको दायराभित्र ल्याउन सक्ने अपेक्षा स्वाभाविक रूपमा बढेको छ ।

त्यस्तै विगतका भ्रष्ट्राचारका फाइलहरू खोलिनुपर्छ र २०४६ पछिका सार्वजनिक पदमा रहेका सबैको सम्पत्ति छानबिन हुनुपर्छ । सुशासनको प्रत्याभूति दिन आवश्यक ऐन, कानुनहरू संशोधन गर्न जरुरी छ । बालेनका विषयमा थुप्रै मिथक बनाइएका छन्, तर जनताले उनलाई तारणहारका रूपमा हेर्ने गरेका छन् । इतिहासमै पहिलो पटक मधेशी मूलको व्यक्ति देशको सर्वोच्च पदमा पुगेको भनिएको छ । बालेन शाहको नाममा हिमालदेखि पहाड, तराई मधेशसम्म व्यापक समर्थन देखिएको छ । यसले सबै भूभागलाई जोड्ने काम गरेको छ ।

पूर्वदेखि सुदूरपश्चिमसम्मका विविधता धर्म, जात, संस्कृति र कलालाई एउटै मालामा उन्ने काम बालेन सरकारबाट सम्भव छ भन्ने अपेक्षा गरिएको छ, किनकि यो इतिहासमै बलियो, अधिकतम जनसमर्थन प्राप्त र दुईतिहाइ नजिकको सरकार हो । भू-राजनीतिक जटिलता अर्को महत्वपूर्ण आयाम हो । वैदेशिक प्रभाव र हस्तक्षेपको चपेटामा परेको मुलुकको स्वाधीनताको रक्षा पहिलो जिम्मेवारी हो । काठमाडौं महानगरको प्रमुख हुँदा बालेन शाहले ग्रेटर नेपालको नक्सा आफ्नो कार्यालयमा राखेका थिए, जुन कूटनीतिक रूपमा अस्वाभाविक मानिन्छ । त्यसैले नेपालले अन्तर्राष्ट्रिय सम्बन्धलाई भावनात्मक दृष्टिकोणबाट होइन, यथार्थवादी दृष्टिकोणबाट हेर्नुपर्छ । कुनै पनि शक्ति राष्ट्रले नेपालको हितलाई केन्द्रमा राखेर नीति बनाउँदैन; उनीहरूले आफ्नो राष्ट्रिय हितलाई प्राथमिकता दिन्छन् । त्यसैले नेपालले पनि आफ्ना निर्णयहरू राष्ट्रिय हितका आधारमा लिनुपर्छ ।

छिमेकीहरूसँग वार्ता र कूटनीतिक ढंगबाट समस्याको समाधान खोज्नुपर्छ । तसर्थ पहिलो कामका रूपमा सरकारले यो अमेरिकी प्रभावको सरकार हो भन्ने भ्रम चिर्न आवश्यक छ । एसपीपी सम्झौताबारे सरकारको स्पष्ट दृष्टिकोण आउनु जरुरी छ । बालेन शाहले काम गरेर देखाउने छन् भन्ने विश्वास गरिएको छ । भाषणभन्दा काम महत्वपूर्ण हुन्छ भन्ने उदाहरणका रूपमा केल्भिन कोलिजलाई लिन सकिन्छ । अमेरिकामा सन् १९२४ देखि १९२९ सम्म राष्ट्रपति रहँदा उनले पत्रकारसँग अत्यन्त कम बोले । सार्वजनिक मञ्चमा पनि थोरै शब्द मात्र प्रयोग गर्ने उनी काममा विश्वास गर्थे । फलस्वरूप, उनको कार्यकालमा अमेरिकी अर्थतन्त्रले ठूलो फड्को मारेको थियो ।

नेपालमा पनि त्यस्तै नबोली काम गर्ने व्यक्तिका रूपमा बालेन शाहलाई हेरिएको छ । त्यसैले जनताको अपेक्षा दिनप्रतिदिन बढ्दै गएको छ । शिक्षा स्वास्थ्यको सुनिश्चितता, रोजगारी सिर्जना, सेवा प्रवाहमा सरलता, डिजिटल्याइजेशन, जून वाचापत्रमा उल्लेख छ ति कार्यान्वयन जाओस् । विकृतिको पहाड नै छ । त्यसलाई न्यूनीकरण गर्दै अघि बढ्नु जरूरी छ । त्यसैले काम चुनौतिपूर्ण नै छ । नेपाली जनताले मत बदलेका हुन्, पार्टी होईन । तसर्थ जनताको मन जित्ने गरी काम गर्नुपर्छ । प्रधानमन्त्री भएपछि सरकारले उदाहरणका रूपमा केही सम्भावित सुधारका काम अघि बढाएको देखिन्छ । जसमा संघीय निजामती सेवा ऐन ५ दिनभित्र संसदमा पेश गर्ने, अनलाइन सरुवा प्रणाली ३० दिनभित्र लागू गर्ने, राष्ट्रिय परिचयपत्रसँग पासपोर्ट आबद्धता १५ दिनभित्र गर्ने तथा 'हेलो सरकार' मा प्राप्त गुनासाहरू ७ दिनभित्र समाधान गर्ने जस्ता योजना रहेका छन् । पहिलो मन्त्रिपरिषद् बैठकबाटै व्यापक सुधारका कार्यक्रम घोषणा गर्ने तयारी रहेको छ । जस अनुसार उनले कम्तिमा ५० वटा ठोस सुधारका योजना सार्वजनिक गर्ने लक्ष्य लिएका छन् । त्यस्तै अर्थमन्त्रीले पनि पदभार ग्रहण गरे लगतै राजस्व अनुसन्धान विभागसहित १५ ऐन खारेज गर्ने पहिलो निर्णय गरेका छन् । निजी क्षेत्रको सुझावलाई दृष्टिगत गरेर अर्थतन्त्रमा व्यापक सुधार गर्ने लक्षणं देखिन्छ । तसर्थ सरकारसँग जनताको भरोसा छ । भर्खर सरकार बन्यो, सरकारको लक्षण सही दिशातर्फ जाँदैछ । राम्रो कामको जनताले पनि साथ र समर्थन दिनू पर्छ, सरकारले पनि जनताको बलमा परिवर्तनलाई सार्थक बनाउनुपर्छ । अस्तू ॥

# शासकीय स्वरूप र चुनौतिहरू



✍ आशिष अस्लामी

नेपालको संविधान २०७२ ले हामीलाई एउटा अत्याधुनिक 'इन्जिन' त दियो, तर त्यसलाई चलाउने 'चालक'को पुरानै प्रवृत्ति र 'इन्धन'को अभावले गाडी अगाडि बढ्न सकिरहेको स्थिति थिएन । शासकीय स्वरूपको सुन्दरता तब मात्र देखिन्छ, जब यसले सेवाप्रवाहको गति समात्छ । सायद २०६२/०६३ को जनआन्दोलनको मर्म सत्ता परिवर्तन मात्र नभएर समानता, सुशासन, शक्तिको विकेन्द्रीकरण, समता, विकास र जनताको शासन स्थापित गर्नु थियो । तर करिब दुई दशकमै त्यो परिवर्तन नेपाली जनतालाई आम रानो महसुस हुन थाल्यो । जनताको शासन स्थापित गर्ने भनेर शक्ति केन्द्रमा पुगेका नेताहरू नै शक्तिको दुरुपयोग गर्ने र आफन्त पोस्ने कार्यमा लागे । संविधानले समताको सिद्धान्तमा आधारित भएर दिएको आरक्षण प्रणालीमा समेत आफ्ना आसेपासे, आफन्त र नातागोतालाई नियुक्ति दिन उद्दत देखिए । नीति निर्माणको नेतृत्व गर्न गएका नेताहरू सरुवा, बढुवा र परियोजनाको नाममा भ्रष्ट्राचार तर्फ उन्मुख भए । आफूले गरेका गल्ती-कमजोरीलाई ढाकछोप गर्न आफ्ना पार्टीका कार्यकर्तालाई ढाल बनाउन थाले ।

आम जनताले नेताहरूलाई सुधिन पटक-पटक आग्रह गरे । तर सर्वसाधारणको पहुँच शीर्ष नेताहरूसम्म पुग्न सकेन । तल्लो तहका कार्यकर्तामार्फत पठाइएका सन्देशहरू पनि स्वार्थ समूहको घेराबन्दीका कारण नेताहरूले सुन्दैनन् वा सुने पनि कार्यान्वयन गर्दैनन् । यही बेथितिको निरन्तरताका बीच गत भदौ २३ र २४ मा युवाहरूद्वारा 'जेन-जी' विद्रोह भयो । यसको मुख्य मुद्दा नै भ्रष्ट्राचार निवारण र सुशासन थियो ।

२०६२/०६३ को जनआन्दोलन पछि शक्ति विकेन्द्रीकरणको सिद्धान्त अनुरूप संघीयताले 'सिंहदरबार गाउँ-गाउँमा' पुऱ्याउने परिकल्पना गऱ्यो र संरचना पनि पुऱ्यायो । तर, व्यवहारमा 'भ्रष्टाचार र अधिकारको लडाइँ' मात्र गाउँ पुगेको त होइन ? भनेर प्रश्न गर्ने ठाउँहरु प्रशस्त छन् । खर्चिलो निर्वाचन प्रणाली, अस्थिर राजनीतिक समीकरण र कर्मचारीतन्त्रको ढिलासुस्ती, यी तीन यस्ता पहाड हुन्, जसलाई नभत्काई हाम्रो शासकीय स्वरूप सफल हुन सक्दैन । अहिले नेपाली जनतामा देखिएको सबैभन्दा ठूलो आक्रोश संघीय प्रणालीको प्रदेश संरचनामाथि छ, जहाँ अधिकांश विकास योजनाहरू 'सेटिङ'मा सञ्चालन हुन्छन् । संघ र प्रदेशमा मात्र होइन, स्थानीय सरकारमा पनि सुशासनको अभाव खड्किएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको २०८१/८२ को वार्षिक प्रतिवेदनले पनि स्थानीय तहमा अघिल्ला वर्षहरूको तुलनामा बेरुजुको अंक बढ्दै गएको उल्लेख गरेको छ । ७५३ स्थानीय तहमध्ये अधिकांशमा आर्थिक कार्यविधि पालना नगरिएको र प्रमाण बिना खर्च गरिएको पाइएको छ । बजेट विनियोजन र खर्च गर्दा प्रचलित कानुन र स्थानीय सरकार सञ्चालन ऐनको बर्खिलाप हुने गरी खर्च गर्ने प्रवृत्ति बढेको देखिन्छ । गाउँका सिंहदरबारमा बसेका 'सिंह'हरू नै लोकतन्त्रकै धज्जी उड्ने गरी भोटको ठेक्का लिइरहेका भेटिन्छन् ।

नेपालमा २०६२/०६३ को जनआन्दोलन हुनुभन्दा अघिसम्म शासन केवल 'हुकुम' र 'आदेश'को भरमा चल्यो, जहाँ नागरिकहरू रैती मात्र थिए । तर, नेपाली जनताको बलिदानीपूर्ण संघर्षले यो पृष्ठभूमि बदलिदिएको छ । आज शासन केवल एउटा सरकारी संरचना मात्र होइन, यो त नागरिकको 'जीवनपद्दति' र 'आत्मसम्मान'सँग जोडिएको विषय बनेको छ । यही पृष्ठभूमिमा उभिएर प्रजातान्त्रिक शासकीय स्वरूप र यसका मूलभूत स्तम्भहरूलाई यसरी नियाल्न सकिन्छ :

### १. प्रजातान्त्रिक शासन व्यवस्था :

यो त्यस्तो शासन प्रणाली हो, जसमा शक्ति जनताबाट सिर्जना हुन्छ र जनताको सहमति तथा भागीदारीमा सञ्चालित हुन्छ । यसमा नागरिकहरूलाई निर्णय प्रक्रियामा प्रत्यक्ष वा प्रतिनिधिमार्फत संलग्न गराइन्छ, जसले गर्दा सरकार जवाफदेही, पारदर्शी र समावेशी बन्छ । यस व्यवस्थामा नागरिकहरूले आफ्ना प्रतिनिधि स्वतन्त्र रूपमा छनोट गर्ने अधिकार पाउँछन् र ती प्रतिनिधिहरूले जनहितका लागि शासन सञ्चालन गर्छन् । प्रजातन्त्रले अभिव्यक्ति स्वतन्त्रता, कानुनी शासन, मानव अधिकारको संरक्षण र उत्तरदायी सरकारको सुनिश्चितता गर्दछ । यसका प्रमुख विशेषताहरूमा स्वतन्त्र तथा निष्पक्ष निर्वाचन, शक्ति पृथकीकरण, न्यायको शासन, बहुदलीय प्रणाली, सशक्त नागरिक समाज, मिडिया स्वतन्त्रता र पारदर्शिता पर्दछन् ।

**सिद्धान्त र व्यवहारको खाडल :**

नेपालको सन्दर्भमा प्रजातान्त्रिक स्वरूप कागजमा जति सुन्दर देखिन्छ, व्यवहारमा उतार्न त्यति नै चुनौतीपूर्ण देखिन्छ । दलहरूबीचको भागबन्डा, शक्ति सन्तुलन मिलाउन नसक्नु र शीर्ष नेताहरूको कुर्सी मोहका कारण सरकार फेरबदल भइरहने प्रवृत्तिले नीतिगत निरन्तरतामा बाधा पुऱ्याएको छ । यसले राष्ट्रको दिगो विकासमा प्रत्यक्ष असर पारेको छ । वितरणमुखी विकास आयोजनाका कारण नेताहरूमा वैचारिक क्षय देखिएको छ । भ्रष्ट्राचार र नातावादले प्रजातन्त्रको फल आम जनतासम्म पुग्न दिइरहेको छैन । संघीयतामा सिर्जना गरिएका अनेकौं राजनीतिक नियुक्ति र तीन तहका सरकारबीचको नीतिगत अस्पष्टताले खर्च बढाएको छ । दुर्गमका जनताले अझै पनि प्राथमिक स्वास्थ्य उपचार र विद्यालय तहकै शिक्षाका लागि संघर्ष गर्नुपर्ने अवस्था यथावत् छ ।

उदारवादी प्रजातन्त्रले नागरिकलाई 'मतदानको अधिकार' त दियो, तर 'खानाको सुनिश्चितता' गर्न सकेन । औपचारिक स्वतन्त्रताले मात्रै भोको पेट भरिँदैन भन्ने कटु यथार्थ नै मार्क्सवादी चिन्तनको प्रस्थानविन्दु हो । जब प्रजातन्त्रले केवल मुट्ठीभर पुँजीपतिहरूको स्वार्थ रक्षा गर्न थाल्छ, तब वास्तविक सामूहिकता र आर्थिक समानताका लागि मार्क्सवादी चिन्तनको सान्दर्भिकता देखिन्छ, जसले 'राजनीतिक स्वतन्त्रता' भन्दा माथि 'आर्थिक स्वतन्त्रता'लाई राख्दछ ।

### २. मार्क्सवादी शासन व्यवस्था :

यदि प्रजातन्त्र भनेको केवल पाँच वर्षमा एक पटक छाप लगाउनु मात्रै हो भने, त्यो अधुरो हुन्छ । मार्क्सवादले प्रजातन्त्रलाई संसद्को घेराभित्र मात्र सीमित नराखी कारखाना, खेतबारी र भान्सासम्म पुऱ्याउनुपर्ने पैरवी गर्दछ । उदारवादी व्यवस्थाका सीमाहरूलाई तोड्दै 'श्रमजीवी वर्गको अधिनायकत्व' मार्फत सामाजिक न्यायको उच्चतम विन्दु चुम्ने मार्क्सवादी चिन्तनको आधार यस्तो छ :

यो कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सका सिद्धान्तहरूमा आधारित एउटा सामाजिक-राजनीतिक र आर्थिक अवधारणा हो, जसले वर्गविहीन समाजको परिकल्पना गर्दछ । यसले उत्पादनका साधनहरू (कारखाना, जमिन, स्रोत) मा निजी स्वामित्वको सट्टा सामूहिक स्वामित्वको वकालत गर्छ । यसमा अर्थतन्त्रलाई बजारको भरमा नछोडी राज्यद्वारा नियन्त्रित योजनामार्फत सञ्चालन गरिन्छ । मार्क्सका अनुसार, पुँजीवादी र श्रमिक वर्गबीचको संघर्षबाट क्रान्ति हुन्छ र त्यसपछि 'सर्वहारा वर्गको अधिनायकत्व' स्थापना हुन्छ । यहाँ वितरणको सिद्धान्त 'क्षमता अनुसारको काम र आवश्यकता अनुसारको माम' भन्ने हुन्छ ।

यसले स्वास्थ्य, शिक्षा र आवासलाई सुविधा मात्र नभई मौलिक अधिकारका रूपमा स्थापित गर्न जोड दिन्छ । मार्क्सका अनुसार समाजको विकास द्वन्द्वात्मक भौतिकवाद' का आधारमा हुन्छ । कुनै पनि अवस्था भित्रको विरोधले नयाँ अवस्था सिर्जना गर्छ । उनले 'अतिरिक्त मूल्य'को सिद्धान्तमार्फत पुँजीवादी शोषणको व्याख्या गरेका छन्, जहाँ मजदुरले सिर्जना गरेको मूल्यको ठूलो हिस्सा पुँजीपतिले नाफाका रूपमा लिन्छ ।

**जोखिम र असरहरू:**

नेपालमा हाल निजी क्षेत्रको उपस्थिति बलियो छ । पुँजीवादी ढाँचामा रहेको निजी स्वामित्वलाई पूर्ण रूपमा राष्ट्रियकरण गर्नु आर्थिक र कानुनी रूपमा ठूलो चुनौती छ । नेपालले बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली अपनाएको छ, जुन शास्त्रीय मार्क्सवादको विरुद्ध जस्तो देखिन्छ । कम्युनिष्ट नेताहरू यसलाई 'नेपाली माटो सुहाउँदो' व्यवस्था भनेर व्याख्या गर्छन् । नेपालको अर्थतन्त्र वैदेशिक सहायता र रेमिट्यान्समा निर्भर छ । विश्वव्यापी पुँजीवादी बजारसँग जोडिएको अवस्थामा पूर्ण रूपमा स्वाधीन र मार्क्सवादी अर्थतन्त्र निर्माण गर्दा अन्तर्राष्ट्रिय सम्बन्धमा असर पर्न सक्ने जोखिम रहन्छ ।

### ३. नेपाली शासन व्यवस्था र सुशासन :

मार्क्सवादले सत्तालाई सर्वहारा वर्गको हितमा प्रयोग गर्ने हतियार मान्छ, तर त्यही सत्ता जब 'अपारदर्शी' हुन्छ, तब त्यो भ्रष्ट स्वार्थमा परिणत हुन्छ । ट्रान्सपरेन्सी इन्टरनेशनलका अनुसार सुशासन भनेको सार्वजनिक स्रोत र शक्तिलाई व्यक्तिगत स्वार्थभन्दा माथि उठेर जनहित, पारदर्शिता र जवाफदेहिताका साथ परिचालन गर्नु हो ।

नेपाली शासन व्यवस्था हाल प्रजातान्त्रिक र मार्क्सवादी विशेषताहरूको मिश्रणका रूपमा विकसित भएको छ । एकातिर, संविधानले बहुदलीय प्रतिस्पर्धा, मानव अधिकार र कानुनी शासनलाई सुनिश्चित गरेको छ भने अर्कोतिर सामाजिक न्याय, समाजवाद उन्मुख अर्थतन्त्र र राज्यको कल्याणकारी भूमिकालाई आत्मसात गरेको छ । शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा राज्यको सक्रिय हस्तक्षेपको परिकल्पना गरिएको छ ।

निष्कर्षमा, नेपालको शासन व्यवस्था कागजमा 'समाजवाद उन्मुख' भए पनि व्यवहारमा 'बिचौलियामुखी' छ । जबसम्म शासकहरूको प्रवृत्तिमा सुधार आउँदैन र सुशासनको प्रत्याभूति हुँदैन, तबसम्म जुनसुकै तन्त्र आए पनि आम जनताको जीवनस्तरमा परिवर्तन आउन कठिन देखिन्छ । त्यसर्थ सुशासन नै नेपालको लागि सबै भन्दा ठूलो शासकीय व्यवस्था हो ।

बुधबारे बालसाहित्य
यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

...बाँकी पृष्ठ ३ मा

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न

सामुदायिक रेडियो, रेडियो निकास

## सीता वादी

# झुप्रा खोलामा संघर्ष गर्दै थिइन्, सिंहदरबार पुगिन्



सुर्खेत : बालेन सरकारकी नवनियुक्त महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री सीता वादी शुक्रबार दिउँसो मन्त्रालयमा आयोजित पदभार ग्रहण कार्यक्रममा एक्कासि भक्कानिइन्। पदभार लगत्तै उनका आँखा भरिए, अनुहार मलिन भयो । केहीबेरपछि सम्हालिएर स्वागत ग्रहण गरिन् । सीता जुन समुदाय र सङ्घर्षबाट आएकी थिइन्, त्यो सामान्य छैन । उनी जुन कुर्सीमा पदभार गर्दै थिइन्, त्यो कुर्सीका लागि वादी समुदायले सदियौँ कुर्नु पर्‍यो ।

लामो समय वादी समुदायले चरम गरिबी, अभाव, सामाजिक विभेद, तिरस्कार र घृणा भोग्यो । आफ्नो सम्मानजनक जीवन बाँच्नकै लागि विभिन्न कालखण्डमा चरणबद्ध आन्दोलन गर्‍यो । शिक्षा, स्वास्थ्य, रोजगारी र भूमि व्यवस्थाको माग गर्दै २०६२ मा देशभर आन्दोलन गर्‍यो। तर सरकारले सुनेन। २०६४ मा त्यस्तै अर्को महत्त्वपूर्ण आन्दोलन भयो । वादी समुदायले यस पटक इतिहासमै पहिलो पटक राजधानी केन्द्रित आन्दोलन गरे । माइतीघर र सिंहदरबार अगाडि ४८ दिन अर्धनग्न प्रदर्शन गरेपछि सरकारले उनीहरूको कुरा सुन्यो ।

वादी समुदायले शिक्षा, स्वास्थ्य, रोजगारी, जग्गा-जमिन र सम्मानपूर्वक बाँच्न पाउनुपर्ने मागसहित सिंहदरबार अगाडि अर्धनग्न प्रदर्शन गरेको १८ वर्षपछि वादी समुदायले सिंहदरबार भित्र प्रवेश पाएको छ। सीतालाई दलित महिला क्लस्टरबाट रास्वपाले समानुपातिक प्रणालीमार्फत प्रतिनिधिसभा सदस्य बनाएर संसद्मा पुर्‍याएको थियो । २०५२ सालमा सुर्खेतको वीरेन्द्रनगर-११ झुप्रा खोलामा जन्मिएकी उनी दलित र महिला अधिकारकर्मी हुन् ।

दलित समुदायमा पनि निकै पछि पारिएको छ, वादी समुदाय । नदी किनार, खुला जमिन वा अस्थायी बस्तीमा बसोबास गर्ने यो समुदायका नागरिकसँग जग्गाको स्वामित्व छैन। उनीहरूले सामाजिक, आर्थिक लगायतका थुप्रै समस्याको सामना गर्दै आएका छन्। यही समुदायबाट प्रतिनिधित्व गर्ने सीता अब देशको प्रमुख प्रशासकीय केन्द्र सिंहदरबारमा देखिने छिन्। सीताले बाल्यकालमा गरिबी, जातीय विभेद र बहिष्कार भोगिन् । अपमान सहिन् । गरिबीलाई नियति र अपमानलाई सामान्य व्यवहार मानेर हुर्किइन्। उमेर बढ्दै जाँदा समाज र जात व्यवस्थाबारे बुझ्न थालिन्। र, उत्पीडनमा परेको वादी समुदायको हक, अधिकारका लागि पटक-पटक गरिएका आन्दोलनको नेतृत्व गरिन्।

कयौं सार्वजनिक बहसमा सहभागी भइन् । राज्य संयन्त्रलाई प्रश्न गरिन्। अधिकारकर्मी हुँदा सीता भन्थिन्, 'सरकार भनेकै उत्पीडनमा परेका समुदायका लागि गर्नुपर्ने हो। तर सरकारले हाम्रो माग र चासोलाई सम्बोधन गर्न सकेन ।' हिजो जुन समुदायको लागि आवाज उठाउँदै हिँडेकी थिइन्, उनी आज तिनै माग सम्बोधन गर्ने ठाउँमा पुगेकी छिन्। वादी समुदायका आधारभूत आवश्यकता गाँस, बास र कपासको सुनिश्चितता गरिदिन भन्दै सडकमा चर्को आवाज उठाउने सीताको काँधमा देशका महिला, बालबालिका र ज्येष्ठ नागरिकको भविष्य बोक्ने जिम्मेवारी प्राप्त भएको छ । वादी समुदायका अगुवाहरूले सीता मन्त्री बन्नुलाई मात्रै ऐतिहासिक उपलब्धिका रूपमा मानेका छन् । 'पहिलो पटक संघीय सरकारमा हाम्रो समुदायको प्रतिनिधित्व भएको छ। यो हामी सबैका लागि गर्व र सम्मानको विषय बनेको छ,' वादी समुदायका अगुवा हिक्मत वादी भन्छन् ।

### बहिष्करण र अपमानपूर्ण बाल्यकाल

कर्णालीको राजधानी वीरेन्द्रनगर बजार क्षेत्रबाट १० किलोमिटर पूर्व लागेपछि भेटिन्छ, झुप्रा खोला । वीरेन्द्रनगर नगरपालिकाको-११ नम्बर वडामा पर्ने यो खोला किनारमा लस्करै छन्, १३५ घरपरिवार वादी समुदाय। यो खोला किनारमा मान्छेहरू बस्न थालेको चार दशक बित्यो। ४० को दशकमा दैलेख, सुर्खेत, सल्यान लगायतका क्षेत्रबाट आएका वादी समुदायका केही व्यक्तिहरूले बसालेको बस्ती हो, यो। झुप्रा खोला बस्ती नामले परिचित यो ठाउँले नयाँ नाम पाएको छ, 'नयाँ गाउँ ।'

यो बस्तीका नागरिकले गरिबी, जातीय विभेद, बहिष्कार र अपमान मात्रै सहेका छैनन्, राज्यले प्रदान गर्ने सामान्य आधारभूत आवश्यकताबाट समेत वञ्चित छन् । कोहलपुर-सुर्खेत विद्युत् प्रसारण लाइन यही बस्ती भएर राजधानी वीरेन्द्रनगरमा आउँछ। तर बस्ती अन्धकारमा छ। बस्ती जंगलै जंगलको बीचमा छ, तर घाँस-दाउराको अभाव छ। बर्खामा बाढी र हिउँदमा ब्याधी बोकेर आउने झुप्रा खोला र भेरी नदी छेउछाउमै छन् उनीहरू । तर सफा खानेपानी छैन । बेरोजगारीले गरिबीको रेखा झन् गाढा बनाइदिएको छ।

यही बस्तीमा जन्मे-हुर्किएकी हुन्, सीता वादी। सानो छँदा 'आज बालुवा बिक्री भयो भने मात्रै भरे पेटभरि खान पाइएला' भनेर सुर्ता गर्ने सीताका संघर्ष कुनै फिल्मी कथा भन्दा कम छैन। उनको बाल्यकाल बालुवा खानीमा काम गर्दै बित्यो । सपरिवार बालुवा संकलन गर्ने र छान्ने काम गर्थे । 'ट्याक्टर वालाहरुलाई दौडी-दौडी मेरो बालुवा किनिदिनुस् न !' भन्दै चिच्याउँदै आफ्नो बालुवाको थुप्रोतर्फ लैजान्थ्यौँ,' एक अन्तर्वार्तामा सीताले भनेकी छिन्, 'आफ्नो बालुवा बेच्न सके मात्र बेलुका घरमा मिठो-मसिनो खान पाइन्छ भन्ने सानैदेखि हामीलाई थाहा थियो ।'

बालुवा र पानी खेलेर हुर्किइन् । पानी, बालुवा, ढुङ्गा र माटो नै उनीहरूको खेलौना थियो। खेती बाली र रोपाइँ गर्न आफ्नो बारी थिएन। कतिसम्म भने, उनका बाआमालाई सरकारी स्कुलमै पढाउन पनि सहज थिएन । त्यहीबीचमा 'लाइट हार्ट' नामक गैरसरकारी संस्थाको सहयोगमा डेढ दशकअघि १२ वर्षको उमेरमा उनी पढ्नका लागि घरपरिवार छाडेर काठमाडौं गइन् । उनी सँगै सोही बस्तीका अन्य बालबालिकाहरू पनि साथमा थिए। उक्त संस्थाले पढ्ने व्यवस्था मिलाइदियो । त्यही संस्थामै बसेर बढिन्। १० कक्षा सकेपछि सीताले सोही संस्थाको कार्यालयमै काम सुरु गरिन् । त्यहीबाटै स्नातकको पढाइ सकेपछि भने बाहिरका कामहरू गर्दै स्वतन्त्र रूपमा बस्न थालिन् ।

'लाइट हार्टले नै हामीलाई शिक्षाको उज्यालो दियो। यदि समयमै पढ्न नपाएको भए मेरो जिन्दगी मरुभूमि जस्तै पो हुन्थ्यो कि ?,' उक्त अन्तर्वार्तामा उनले आफ्नो विगत सम्झिँदै भनेकी थिइन्। पढ्न र आत्मसम्मानसहित बाँच्ने आधार पाएपछि उनले पढाइलाई स्नातकोत्तरसम्म पुर्‍याइन्। सामाजिक विषयमा स्नातक पूरा गरेकी सीताले राजनीतिशास्त्रमा स्नातकोत्तर गरेकी छन् । 'म जान्न चाहन्थेँ, हाम्रो समुदायलाई सधैँ पछाडि किन पारिन्छ ? संविधानमा लेखिएको समानता व्यवहारमा किन देखिँदैन ?,' उनले भनिन्, 'त्यही भएर नै राजनीतिशास्त्र पढेको थिएँ। समयले त्यही जिम्मेवारीमा पुर्‍याइदियो ।'

### व्यापार र अधिकारको आवाज

लामो समय सामाजिक कार्यको अनुभव सँगालेर सीता सरकारमा गएकी छिन्। अहिले पनि दुर्गम क्षेत्रका विपन्न समुदायका बालबालिकालाई शिक्षा र महिला दिदीबहिनीलाई व्यावसायिक तालिम दिइरहेकी छिन्। सीता 'वादी सस्टेन मल्टिपर्पोज' नामक हस्तकला व्यवसायमा संलग्न छिन् । उक्त कम्पनीले माला, पोते लगायत हस्तकलाका सामान बनाउँदै आएको छ। १२ सय रुपैयाँको लगानीबाट सात वर्षअघि सुरु गरेको उक्त व्यवसायबाट पाँच जनाले रोजगारी पाएका छन् । उक्त व्यवसायबाट हुने नाफाबाटै वादी समुदायका केही बालबालिकालाई पढ्न मद्दत गर्दै आएकी छिन् ।

यस उद्यमले उनलाई आर्थिक रूपमा सक्षम बनाउनुका साथै अन्य महिलाका लागि पनि रोजगारी सिर्जना गर्ने अवसर प्रदान गर्‍यो । साना उद्यममार्फत महिलालाई आत्मनिर्भर बनाउने उनको प्रयास समाजका लागि उदाहरणीय बनेको छ । उनले देशका निभिन क्षेत्रका वादी र विपन्न समुदायका महिलालाई स्वरोजगारमूलक तालिमसमेत दिँदै आएकी छिन् । उनीहरूले उत्पादन गरेका सामग्रीहरू देश, विदेशमा समेत बिक्री-वितरण गर्छिन्। सुन्दर सहज नेपाल नामक संस्था सञ्चालन गर्दै आएकी उनले वादी समुदायका बालबालिकाहरूलाई शिक्षाको उज्यालो छर्दै आएकी छिन्। उनले विभिन्न क्षेत्रका २० जनाभन्दा बढी वादी समुदायका बालबालिकालाई संस्थाकै होस्टेलमा राखेर निःशुल्क पठनपाठनसमेत गर्दै आएकी छिन्।

सीतालाई ठूलो हुँदासम्म पनि वादी समुदायलाई अन्य समुदायले हेर्ने 'नजरिया'बारे थाहा थिएन। जब आफ्नो समुदायमाथि समाजले बुझ्दै आएको गलत भाष्यबारे थाहा पाइन् त्यतिबेला साह्रै दुःख लागेको उनी सुनाउँछिन् । 'वादी समुदाय भन्ने बित्तिकै आम मानिसको दिमागमा यस समुदायका महिलाहरू यौन पेसा अँगाल्छन् भन्ने धारणा रहेछ,' उनले भनिन्, 'तर हाम्रो समुदायको पहिचान त्यो थिएन। त्यसलाई चिर्न हामीले ठूलौ संघर्ष गर्नुपर्‍यो ।' जात व्यवस्थाले गाँजेको हाम्रो सामाजिक संरचनामा देशमा पूँजी थोरैको हातमा केन्द्रित छ । राजनीति शक्तिशालीकै वरिपरि घुम्छ भन्ने मान्यता अहिले चिरिएको उनले बताइन् । 'दलित समुदाय भित्र पनि पछाडि पारिएको एक महिला, अझ वादी समुदायकी छोरी, आज मन्त्री बन्नु मेरा लागि ठूलो कुरा हो । अवसर र चुनौती दुवै हो,' उनले भनिन् ।

सीताका बुवा-आमा अहिले पनि झुप्रा खोलामै बस्दै आएका छन् । बालुवा उत्खनन गरेर जीविकोपार्जन गर्छन् । सीता मन्त्री बनेको थाहा पाएपछि आज नयाँ गाउँ हर्षित छ। हरेक चुनावमा भोट बैंकका रूपमा प्रयोग हुने नयाँ गाउँ सधैँ राज्य र राजनीतिक दलको उपेक्षामा रहेको थियो । मिहिनेत र संघर्षकै कारण सीता यहाँसम्म पुगेको वादी समुदायका अगुवा हिक्मत वादी बताउँछन्। 'यो हाम्रा लागि गर्वको कुरा हो । वादी समुदायले पहिलो पटक मन्त्री पाएको छ । यसलाई अवसरका रूपमा सदुपयोग गर्नुपर्छ,' उनले भने ।

*स्रोत : अनलाइनखबर/यज्ञ खत्री ।*

# स्थायी सरकार बन्दा गदगद निजी क्षेत्र



काठमाडौं : जेनजी आन्दोलनबाट डराएको निजी क्षेत्र शुक्रबारको नयाँ सरकार गठनपछि एकाएक हौसिएको छ । स्थायी सरकार अभावका कारण लगानीमैत्री वातावरण अभाव झेलेको निजी क्षेत्र राजनीतिक स्थायित्वको संकेतले सकारात्मक देखिएको हो । नयाँ सरकारको गठनसँगै उद्यमीहरू लगानी बढ्ने तथा सरकारले पनि सोही अनुसार तालमेल गरेर अघि बढ्ने अपेक्षा राखेका छन्। नवनियुक्त अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले पनि निजी क्षेत्रसँग सहकार्य गरेर अघि बढ्ने बताइसकेका छन् ।

उनले निजी क्षेत्रको मनोबल बलियो बनाउने गरी काम गर्नुपर्ने जिम्मेवारी आफूलाई आएको बताएका छन् । यसले पनि उद्यमी व्यवसायीलाई सकारात्मक बनाएको छ । साथै, उनले उद्योगी-व्यवसायीलाई दुःख दिने पुराना कानुन खारेज गर्ने बताएका वाग्लेले भने, 'निजी क्षेत्रलाई विश्वास लिएर अघि बढ्नका लागि सरकारले आवश्यक वातावरण बनाउँछ ।' उद्योगी व्यवसायीलाई निरुत्साहित गर्ने राज्यका केही संरचना समेत खारेज गरिने उनले बताए । नवनियुक्त प्रधानमन्त्री बालेन्दै साह नै ४० वर्षभन्दा कम उमेका भएकाले आफूहरू धेरै उत्साहित भएको नेप्लिज योङ आन्ट्रप्रेनर फोरम अध्यक्ष सुदीप घिमिरेले बताए ।

युवाले नेतृत्व गरेको सरकारले आगामी दिन युवाले नेतृत्व लिएका व्यवसायी संस्थाहरूको पनि सल्लाह, सुझाव लिने उनको अपेक्षा छ। 'युवा उद्यमीहरुको संघसंगठनलाई प्रोत्साहन गरिनुपर्छ,' घिमिरेले भने, 'नीति निर्माण तहमा युवाहरूलाई पनि समावेश गराइनुपर्छ, सबैभन्दा ठूलो आशा-अपेक्षा नै यही छ ।' उद्योग-व्यवसायका लागि बाधा बनेका केही ऐन खारेज गर्ने विषय निकै स्वागतयोग्य रहेको घिमिरेको भनाइ छ । 'स्थायी सरकार बनेको हुनाले युवा उद्यमीमा विश्वास, भरोसा, आश गर्ने वातावरण विकास भएको छ,' उनले भने, 'यसले आगामी दिनमा देशले लय लिने तथा अर्थतन्त्र सबल हुने मागदर्शन गर्ने छ ।'

सरकारले व्यवसायीहरूको क्षेत्र अनुसारका समस्या समाधान गर्नुपर्ने उनको सुझाव छ । त्यसको लागि डिजिटल गभर्नेन्स कार्यान्वयनमा आउँछ भन्ने विश्वास घिमिरेको छ । डिजिटल, हस्पिटालिटी, टुरिज्म, शिक्षा लगायत सेवा निर्यातका लागि यो सरकारले उपयुक्त वातावरण बनाए उद्योगी-व्यवसायी प्रोत्साहन गर्ने उनको अपेक्षा छ । त्यसैगरी युवा नेतृत्व नयाँ सरकार उद्यमीहरूका लागि अवसर बन्ने अपेक्षा उद्योग परिसंघ युवा उद्यमी फोरम अध्यक्ष मनिष श्रेष्ठले बताए ।

'उद्यम-व्यवसाय गर्न सहज हुनुपर्‍यो,' श्रेष्ठले भने, 'सानो-सानो विषयले गाह्रो परिराखेको अवस्था छ, यस्ता झन्झटिया समस्या समाप्त हुनुपर्छ ।' कम्पनी दर्तादेखि अनुमति लिनेसम्मका प्रक्रियागत झन्झटमा सुधार भएको खण्डमा प्रत्यक्ष वैदेशिक लगानी समेत बढ्ने उनको भनाइ छ। सरकारले आफ्ना योजना कार्यान्वयन गरेको खण्डमा सरकारी खर्च बढ्ने हुँदा उद्योग-व्यवसायलाई पनि सकारात्मक प्रभाव पर्छ भन्ने बुझाइ सरकारको हुनुपर्ने उनको भनाइ छ। 'हिजो राजनीतिक अस्थिरता भयो, लगानीको वातावरण नभएको अवस्था हो, कुनै पनि उद्योगका लागि आवश्यक कच्चापदार्थ बोर्डरबाट सजिलैसँग ल्याउन सकिए पनि अनावश्यक झन्झटका कारण उत्पादन लागत बढ्ने समस्या समाधान हुनुपर्छ,' उनले भने, 'आफैंले उत्पादन गरेर वस्तु तथा सेवा बजारसम्म पुर्‍याउँदा आउने बाधा धेरै छन्, ती हट्नुपर्छ ।'

स्वदेशी उद्यम-व्यवसाय बचाउन सीमा क्षेत्रलाई प्रभावकारी नियमन गर्नुपर्ने बताउने उनी अबको पाँच वर्ष एउटै सरकार हुँदा लगानी स्वाभाविक रूपमा बढ्नेमा ढुक्क छन् । अहिलेको सरकारबाट हरेक युवा उद्यमी लगानी विस्तार गर्ने वातावरण बन्नेमा आशावादी छन्। उद्यमीका मर्म बुझेको व्यक्ति अर्थमन्त्री भएकाले पनि निजी क्षेत्रलाई प्रोत्साहन गर्नेमा आफू ढुक्क भएको उनले सुनाए। नेपालका नयाँ प्रधानमन्त्री बालेन साह नेतृत्वको सरकारप्रति समर्थन र विश्वास रहेको बताउँदै सीजी हस्पिटालिटी ग्लोबलका प्रबन्ध निर्देशक एवं कार्यकारी अधिकृत राहुल चौधरीले स्थायी राजनीतिक वातावरणमा लगानी बढ्ने बताए ।

त्यसैगरी नेपाल उद्योग वाणिज्य महासंघ अध्यक्ष चन्द्र ढकालले नवनियुक्त प्रधानमन्त्री साहलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिँदै मुलुकले राजनीतिक तथा नीतिगत स्थिरता हासिल गर्ने बताए । 'लगानीमैत्री नीतिहरूको प्रवर्द्धन, आर्थिक पुनरुत्थान र दिगो आर्थिक विकासमा थप गति लिने विश्वास छ,' ढकालले भने, 'समग्र अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको निजी क्षेत्रसँग सहकार्य गर्दै समृद्धिको यात्रा अगाडि बढाइने छ ।' *स्रोत : अनलाइनखबर ।*

# ओली पक्राउको विरोधमा मकवानपुरमा एमालेको प्रदर्शन



*मकवानपुरमा एमालेको प्रदर्शनमा सहभागीहरु ।*

समाज संवाददाता

हेटौंडा : नेकपा एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीलाई पक्राउ गरेको विरोधमा मकवानपुरमा एमालेले प्रदर्शन गरेको छ। शनिबार पार्टीका विभिन्न जनसंगठनहरूको अगुवाइमा हेटौंडाको बुद्धचोकसहित विभिन्न स्थानमा प्रदर्शन गरिएको हो ।

देशभर एमालेले प्रदर्शन गरिरहँदा मकवानपुरमा पनि अध्यक्ष ओलीको पक्राउको विरोध गर्दै सरकारविरुद्ध नाराबाजी गरेका थिए। सरकार प्रतिशोधको भावनाले अघि बढेको नेकपा एमाले मकवानपुरका कार्यवाहक अध्यक्ष हिदम लामाले बताउनुभयो । जनताले अहिलेको सरकारलाई सुशासन, समृद्धि, र विकासका निम्ति जनादेश दिएको भन्दै लामाले सरकारले प्रतिसोधका हिसावले असंवैधानिक रुपले अघि बढ्न खोजेको आरोप लगाउनुभएको छ। नेकपा एमालेले लोकतन्त्र, राष्ट्रियता र संविधान रक्षाको निम्ति सरकार विरुद्ध खबरदारी गरिरहने लामाले स्पष्ट पार्नुभयो ।


## वास्तु किन चाहिन्छ ?

**Scientific & Modern**

**तरिकाबाट वास्तु गर्न चाहनुहुन्छ ?**

- पन्चतत्व सन्तुलित राख्न,
- वास्तुदोषबाट हुने हानी/नोक्सानीबाट जोगिन,
- घर/जग्गाबाट लाभ/हानी थाहा पाउन,
- गृहस्थी जीवन सन्तुलन राख्न,

वास्तु घरको मेरुदण्ड हो, यसले पञ्चतत्व (अग्नी, आकास, जल, वायु र पृथ्वी) सन्तुलन गर्दछ ।

- वैदिक वास्तुमा आधारित रहेर Scientific & Modern Vastu गराउँदा, बनी सकेको घरको तोडफोड नगरिकन वास्तुदोष निवारण गर्न सकिन्छ ।

**तपाईको जन्म मिति र मोबाईल नम्बरबाट शुभ अंक निकाल्न र अंकको प्रभावबाट सकारात्मक परिवर्तन ल्याउन चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।**

निशूल्क परामर्श
Mobile Numerology,
Crystal Remedy

Contact :
Sanukajis Ghalan
9766120056
9824224095



## प्रशिक्षार्थी पत्रकारका लागि आवेदन आव्हान

हेटौंडाबाट प्रकाशन हुँदै आएको समृद्ध समाज राष्ट्रिय दैनिकका लागि प्रशिक्षार्थी पत्रकार आवश्यक भएकोले तपसील बमोजिम योग्यता पुगेका इच्छुक उम्मेदवारबाट आवेदन आव्हान गरिन्छ ।

पद : प्रशिक्षार्थी पत्रकार ।
संख्या : केही ।
शैक्षिक योग्यता : १२ कक्षा उत्तीर्ण । स्नातक तह अध्ययनरतलाई प्राथमिकता ।
प्रशिक्षार्थी अवधि : ३ महिना । पहिलो महिना निशूल्क प्रशिक्षण अवधि रहनेछ भने कार्यसम्पादनका आधारमा दोस्रो र तेस्रो महिना आंशिक सुविधा प्राप्त हुनेछ । चौथो महिनादेखि पूर्णकालिन रोजगारीको अवसर रहनेछ ।
समाचार अध्ययन, समाचार लेखन तथा प्रस्तुतीमा रुचि भएकाहरुलाई विशेष ग्राह्यता ।
आवेदन दिने अन्तिम मिति : २०८२/१२/२० गते ।

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजात :**
- हस्तलिखित निवेदन ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- शैक्षिक प्रमाणपत्रको प्रतिलिपि ।
- पासपोर्ट साइजको फोटो २ प्रति ।

**सम्पर्क : ०५७-५२६८३०**
**समृद्ध समाज राष्ट्रिय दैनिक**
**हेटौंडा-४, मकवानपुर**



**सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं**
रेडियो निकास ९३.४
The Voice of Community



## वितरक चाहियो

समृद्ध समाज राष्ट्रिय दैनिकका लागि हेटौंडा बजार क्षेत्रमा पत्रिका वितरणका लागि वितरक आवश्यक भएकोले तपसील बमोजिमको काम गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

पद : पत्रिका वितरक ।
संख्या : ३ (तीन) जना ।
काम गर्नुपर्ने समय : बिहान ६ बजेदेखि ८ बजेसम्म ।
पारिश्रमिक : संस्थाको नियमानुसार ।
प्राथमिकता : अनुभवी, साइकल भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

**सम्पर्क : ०५७-५२६८३०**
**समृद्ध समाज राष्ट्रिय दैनिक**
**हेटौंडा-४, मकवानपुर**



## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-बाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
**हेटौंडा रिफरेन्स ल्याबरोटरी**
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



## बुधबारे बालसाहित्य

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।


...बाँकी पृष्ठ ३ मा


बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न लेख्न
सामुदायिक रेडियो, रेडियो निकास

# श्रमिक माविको अध्यक्षमा पुनः कार्की

समाज संवाददाता

हेटौँडा : हेटौँडा-४, कर्रास्थित श्रमिक माध्यमिक विद्यालयको व्यवस्थापन समिति अध्यक्षमा पुनः विवेक कार्की निर्वाचित हुनुभएको छ। शनिबार भएको ५८औं अभिभावक भेलाबाट नयाँ विद्यालय व्यवस्थापन समिति गठन गरिएको हो । अभिभावक भेलाले अभिभावक मध्येबाट धनकुमारी खत्री, विष्णुमाया पाखिन, सानुलाल श्रेष्ठ र शंकरप्रसाद खतिवडा चयन हुनुभएको थियो ।

धनकुमारी ९ कक्षामा अध्ययनरत दिया बस्नेतको अभिभावक हुनुहुन्छ भने विष्णुमाया कक्षा-१ मा अध्ययनरत सोनिक र ४ कक्षामा अध्ययनरत सोनमका अभिभावक हुनुहुन्छ। यस्तै कक्षा-४ मा अध्ययनरत तृषा श्रेष्ठकी हजुरबुबा सानुलाल श्रेष्ठ र ९ कक्षामा अध्ययनरत रिदम खतिवडाका बुबा शंकरप्रसाद खतिवडा विद्यालय व्यवस्थापन समिति सदस्य चयन हुनुभएको हो। अभिभावक प्रतिनिधि चयनपछि शनिबार नै बसेको विद्यालय व्यवस्थापन समितिको बैठकबाट विवेक कार्की र इन्द्रदेवी उप्रेती विद्यालय व्यवस्थापन समितिमा मनोनित हुनुभएको हो । विद्यालयको सहयोगीको रुपमा मनोनित हुनुभएका कार्की दोस्रो कार्यकालका लागि सर्वसम्मत अध्यक्ष निर्वाचित हुनुभएको हो ।


नवनिर्वाचित अध्यक्ष विवेक कार्की ।

विद्यालय व्यवस्थापन समितिमा वडा प्रतिनिधि जनरल श्रेष्ठ र शिक्षक प्रतिनिधि सुशील पोखरेल चयन हुनुभएको छ । विद्यालय व्यवस्थापन समितिका प्रधानाध्यापक सदस्य सचिव रहने व्यवस्था छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विवेक कार्कीको अध्यक्षता तथा वडाध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यमा अभिभावक भेला भएको हो । अभिभावक भेलालाई सम्बोधन गर्नुहुँदै वडाध्यक्ष सिग्देलले श्रमिक माविको शैक्षिक, भौतिक दुबै पक्षमा उल्लेख्य सुधार भएको बताउनुभयो । श्रमिक माविले निकट भविष्यमै प्राविधिक विषय अध्यापन गराउने पनि उहाँको भनाइ थियो। विद्यालयले स्थापना गरेको अक्षयकोषमा १० लाख रुपैयाँ पुगेको जानकारी प्राप्त भएको उल्लेख गर्नुहुँदै उहाँले अक्षयकोषलाई २० लाख रुपैयाँ पुऱ्याउन वडाले थप ५ लाख रुपैयाँ उपलब्ध गराउने प्रतिवद्धता समेत व्यक्त गर्नुभएको छ ।

अभिभावक भेलामा अध्यक्ष कार्कीले आफ्नो पहिलो तीन वर्षे कार्यकालमा भएका कामका बारेमा जानकारी गराउनुभएको थियो । शैक्षिक तथा भौतिक विकासमा उल्लेखनीय काम भएको जानकारी दिनुहुँदै अध्यक्ष कार्कीले आगामी ३ वर्षमा विद्यार्थी संख्या एक हजार पाँच सय पुऱ्याउने बताउनुभयो । विद्यालयमा ४ करोड रुपैयाँ लागतको २० कोठे भवन निर्माणको अन्तिम चरणमा रहेको पनि उहाँले जानकारी दिनुभयो। पूर्वप्राथमिक तहका कक्षामा जडान गरिएको सीसी क्यामरा अभिभावकले आफ्नो मोबाइलमै हेर्न सक्ने व्यवस्था गरिएको, पुस्तकालय र प्रयोगशाला व्यवस्थापनमा थप काम गर्नुपर्ने उहाँको भनाइ थियो ।

कार्यक्रममा विद्यालयको सल्लाहकार समितिका संयोजक रामकृष्ण थापा, श्रमिक माध्यमिक विद्यालय पूर्वविद्यार्थी समाजका अध्यक्ष सुरेश श्रेष्ठ, श्रमिक क्रियाशील विद्यार्थी समूहकी अध्यक्ष सपना लामाको पनि आतिथ्य रहेको थियो । १० कक्षासम्म पठनपाठन हुने विद्यालयमा ७ सय ५० भन्दा बढी विद्यार्थी अध्ययनरत छन्। यस वर्ष एसईईमा श्रमिक माविबाट २४ जना विद्यार्थी सहभागी हुँदैछन् ।

# छत्रेडाँडामा शनिबारीय चित्रकला कार्यशाला


कार्यशालामा तयार पारिएका चित्रसहित चित्रकारहरु ।

समाज संवाददाता

हेटौँडा : मकवानपुरको मकवानपुरगढी गाउँपालिकाको छत्रेडाँडास्थित पाथिभरा मन्दिर क्षेत्रमा शनिबारीय स्थलगत कला कार्यशाला सम्पन्न भएको छ। हरेक शनिबार झैं यस शनिबार पनि कार्यशाला आयोजना गरिएको शनिबारीय स्थलगत कला कार्यशाला अभियान मकवानपुर शाखाका प्रमुख सुजन राईले जानकारी दिनुभयो ।

राईको नेतृत्वमा गएको टोलीले मन्दिर लगायत वरपरका दृश्यहरुलाई समेट्ने गरी खुला वातावरणमा चित्रकला अभ्यास गरेका थिए । रोट्र्याक्ट क्लब अफ मकवानपुरको सहकार्यमा हाइकिङ कार्यक्रम समेत आयोजना गरिएको शाखा प्रमुख राईले बताउनुभयो । राईका अनुसार हाइकिङमा १७ जनाको सहभागिता रहेको थियो । उक्त क्षेत्रको प्रचारप्रसार गरी आन्तरिक पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले कार्यशला आयोजना गरिएको राईको भनाइ छ । कला र प्रकृतिबीचको सम्बन्धलाई मजबुत बनाउनुका साथै सहभागीहरूबीच सहकार्य, अनुभव आदानप्रदान र सिर्जनात्मक अभिव्यक्तिलाई प्रोत्साहन गर्नु शनिबारीय स्थलगत कला कार्यशाला अभियानको लक्ष्य रहेको छ। हेटौँडा विगत ४ वर्षदेखि यो कार्यशाला निरन्तर सञ्चालन गरिँदै आएको छ।

# संगमका आजीवन सदस्यलाई प्रमाणपत्र वितरण


आजीवन सदस्यताको प्रमाणपत्र वितरण गरिँदै ।

समाज संवाददाता

हेटौँडा : साहित्य संगम मकवानपुरको ३६५ औं नियमित साहित्य सन्ध्या शनिबार सम्पन्न भएको छ । संगमका अध्यक्ष डिबि बर्तौलाको सभाध्यक्षमा हेटौँडा-४ स्थित साहित्य संगम-सिस्नुपानी मकवानपुरको सभाहलमा नियमित साहित्य सन्ध्या भएको हो ।

नियमित साहित्य सन्ध्यामा राजुराम राउत, जनार्दन खनाल, सानु खनाल, हेमन्त ढुंगेल र देवराज तिवारी लगायतले आफ्ना रचना वाचन गर्नुभएको थियो। कार्यक्रममा संगमका आजीवन सदस्यताका लिएका सदस्यहरूलाई सदस्यताका प्रमाणपत्र वितरण गरिएको थियो । यस वर्ष ८२ जनाले आजीवन सदस्यताका प्राप्त गरेका छन्। गत बैशाखमा भएको विशेष अधिवेशनले संघको विधान संशोधन गरी आजीवन सदस्यताको व्यवस्था गरिएको अध्यक्ष बर्तौलाले बताउनुभयो । उहाँका अनुसार १ सय ५२ जना साधारण सदस्य र ८२ जना आजीवन सदस्य गरी संगमको सदस्य संख्या २ सय ३४ पुगेको छ। आजीवन सदस्यताका लागि ३ हजार शुल्क निर्धारण गरिएको छ।

संगमको अक्षयकोषमा १० लाखभन्दा बढी रकम जम्मा भइसकेको अध्यक्ष बर्तौलाले जानकारी दिनुभयो। वडा नम्बर ४ का वडाध्यक्ष नविन सिग्देलको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा साहित्यकार तुलसी घिमिरे, देवप्रसाद श्रेष्ठ, देवराज खरेल र पूर्णकला घिमिरेको विशेष आतिथ्य रहेको थियो ।

## प्रधानमन्त्री कप क्रिकेट

# गण्डकी र पुलिस क्लबबीचको खेल स्थगित, एपीफ विजयी


वर्षाका कारण त्रिपालले छोपिएको पिच ।

समाज संवाददाता

हेटौँडा : जारी पुरुष एकदिवसीय प्रधानमन्त्री क्रिकेट प्रतियोगितामा गण्डकी प्रदेश र नेपाल पुलिस क्लब बीचको खेल वर्षाका कारण स्थगित भएको छ । माथिल्लो मुलपानी क्रिकेट मैदानमा शनिबार भएको खेलमा पुलिस क्लबले टस जितेर सुरुमा बलिङ रोजेको थियो। टस हारेर व्याटिङको निम्तो पाएका गण्डकीले १८ ओभरमा २ विकेट गुमाएर १०३ रन जोड्दा वर्षाका कारण खेल राकिएको थियो। निरन्तर वर्षा हुँदा खेल स्थगित भएको हो ।

यस्तै, शनिबार तल्लो मूलपानी क्रिकेट मैदानमा भएको अर्को खेलमा नेपाल एपीफ क्लब विजयी भएको छ। विभागीय टोली एपीफ क्लब र त्रिभुवन आर्मी क्लबबीचको खेल पनि वर्षाले प्रभावित भएको हो। खेलमा आर्मी क्लबले टस जितेर सुरुमा बलिङ राजेको थियो । टस हारेर व्याटिङको निम्तो पाएको एपीफ क्लबले ९ ओभर ५ बलमा ३ विकेट गुमाएर ८५ रन बनाउँदा वर्षाका कारण खेल रोकिएको थियो । निरन्तर परेका पानी नरोकिएपछि अम्पायरले एपीएफलाई विजयी घोषणा गरेको हो ।

जारी प्रतियोगितामा अहिलेसम्म ४ खेलबाट ५ अंक जोडेका नेपाल पुलिस क्लब मधेश प्रदेशलाई उछिन्दै अंक तालिकाको शीर्षस्थानमा उक्लिएको छ। समान ३ खेलबाट ४/४ अंक जोडेका त्रिभुवन आर्मी क्लब र नेपाल एपीफ क्लब क्रमश: अंक तालिकाको तेस्रो र पाँचौं स्थानमा रहेको छ भने ३ खेलमध्ये लगातार २ मा पराजित भएका गण्डकी १ अंकसहित तालिकाको पुच्छारमा रहेको छ ।

प्रतियोगितामा ७ प्रदेश र ३ वटा विभागीय टोली (नेपाल पुलिस क्लब, नेपाल एपीफ क्लब र त्रिभुवन आर्मी क्लब) गरी १० टोली सहभागी छन्। सिङ्गल राउन्ड रोबिन लिगका आधारमा भइरहेको प्रतियोगितामा शीर्ष दुई टोली फाइनल खेल्ने छन्। प्रतियोगिताको विजेता टोलीले १० लाख र उपविजेता टोलीले ५ लाख रुपैयाँ पुरस्कार पाउने छन् । प्रतियोगिताका खेलहरु काठमाडौंको तल्लो र माथिल्लो मूलपानी क्रिकेट मैदान, बीरगंजको नारायणी रङ्गशाला र जनकपुरको रामजानकी क्रिकेट मैदानमा भइरहेको छ ।

# भीमफेदीमा हाईस दुर्घटना, ३ जना घाइते

समाज संवाददाता

हेटौँडा : भीमफेदी-कुलेखानी-काठमाडौँ सडकखण्डमा मकवानपुरको भीमफेदी गाउँपालिका-६, एघारघुम्तीमा सवारी दुर्घटना भएको छ। शनिबार बिहान ११ बजेर २० मिनेटको समयमा काठमाडौँबाट हेटौंडातर्फ आउँदै गरेको बा ३ ख ७८७६ नम्बरको हाईस गाडी ब्रेक फेल भई सडकको भित्तामा ठोक्किँदा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

दुर्घटनामा उदयपुर जिल्ला त्रियुगा नगरपालिका-११ गाईघाटका ८६ वर्षीय गोरे राई गम्भीर घाइते भएका छन् । उनी गाडीबाट हाम फाल्दा पछाडिको टायरले कुल्चिएको प्रहरीले जनाएको छ । त्यस्तै ६२ वर्षीया हर्कमाया राई र ४० वर्षीय शम्भु कटुवाल मध्यम घाइते भएका छन् । गाडीमा चालकसहित १० जना सवार रहेका थिए । घाइते तीनै जनालाई उद्दार गरी उपचारका लागि हेटौँडा अस्पताल ल्याइएको छ भने अन्य यात्रुहरु सामान्य उपचारका लागि आफैं गएका छन्। हाईस चालक सम्पर्कमा नरहेको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।

## बालेन सरकारको...

प्रशासनलाई पूर्णतः गैरराजनीतिक, निष्पक्ष र व्यावसायिक बनाउने सरकारको योजना छ। सरकारी सेवा प्राप्त गर्न जनताले धेरै कार्यालय धाउनुपर्ने झन्झट अन्त्य गर्न प्रमुख सहरहरूमा 'एजेन्सिफिकेसन' (Agency–fication) मोडालिटीमा नागरिक सेवा केन्द्रहरू सञ्चालन गरिनेछ, जसले दैनिक कम्तीमा १२ घण्टा सेवा दिनेछन् ।

गएको २३-२४ भदौको 'जेन-जी' आन्दोलनका क्रममा सहादत प्राप्त गर्ने शहीदका परिवार र घाइतेहरूका लागि १०० दिनभित्र एकीकृत न्याय र पुनर्स्थापना प्याकेज कार्यान्वयन गरिने कार्यसूचीमा उल्लेख छ । आन्दोलनका घटनाको सत्यतथ्य छानबिन गर्न गौरीबहादुर कार्की आयोगको प्रतिवेदनका आधारमा दोषीमाथि कारबाही प्रक्रिया तत्काल अघि बढाइने सरकारले प्रतिबद्धता व्यक्त गरेको छ ।

डिजिटल सुशासन र 'होम डेलिभरी' सेवातर्फ सरकारले राहदानी (पासपोर्ट), नागरिकता, सवारी चालक अनुमति पत्र जस्ता सरकारी कागजपत्रहरू हुलाक सेवामार्फत नागरिकको घरमै पुऱ्याउने (Government Courier Service) व्यवस्था १०० दिनभित्र लागु गर्ने भएको छ। यस्तै, सट्टेबाजी एप (Betting App) हरूलाई २४ घण्टाभित्र बन्द गर्ने र अनलाइनबाटै सबै प्रकारका सरकारी सिफारिस लिन मिल्ने गरी 'फेसलेस' र 'पेपरलेस' सेवा प्रणाली विकास गरिने भएको छ ।

त्यस्तै शिक्षा क्षेत्रमा दलीय हस्तक्षेप अन्त्य गर्न विश्वविद्यालय र विद्यालय हाताबाट राजनीतिक सङ्गठनहरू हटाइने भएको छ। कक्षा ५ सम्मका विद्यार्थीलाई आन्तरिक परीक्षा लिने झन्झट अन्त्य गरी मनोवैज्ञानिक मूल्याङ्कन पद्धति अपनाइनेछ। स्वास्थ्यतर्फ 'फ्री हेल्थ पोर्टल' मार्फत सरकारी र निजी अस्पतालको सेवा उपलब्धता र बेड सङ्ख्या रियल टाइममा हेर्न सकिने व्यवस्था गरिनेछ ।

कृषिमा 'एक पालिका एक चिस्यान केन्द्र' कार्यक्रम सुरु गरिनेछ भने किसानलाई उत्पादनको उचित मूल्य सुनिश्चित गर्न २५ दिनभित्र अनिवार्य भुक्तानी हुने कानुनी व्यवस्था गरिने कार्यसूचीमा छ । रुग्ण अवस्थामा रहेका आयोजनाहरूको पुनरावलोकन, वैदेशिक लगानीका लागि 'स्टार्टअप फास्ट ट्र्याक' र २०८४ सम्ममा आरोग्य पर्यटनका लागि नेपाललाई विश्वकै हब बनाउने गरी 'नेपाल वेलनेस इयर २०२७' मनाइने घोषणा गरिएको छ।

१०० बुँदे कार्यसूचीले राज्यका हरेक संयन्त्रलाई नतिजामुखी बनाउने र नागरिकले महसुस गर्ने गरी परिवर्तन ल्याउने लक्ष्य राखेको छ। कार्यसूचीको मासिक प्रगति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्नुपर्ने र यसको नियमित अनुगमन सार्वजनिक गरिने व्यवस्था समेत मिलाइएको छ। *स्रोत : टेकपाना ।*


## उद्योग संघ मकवानपुर

हेटौंडा ८, मकवानपुर

**नव उद्यमी बुटक्याम्प/बिजनेश इन्क्युबेशन कार्यक्रममा सहभागिताको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना**

*(प्रथम पटक प्रकाशित मिति : २०८२।१२।१५)*

व्यवसाय संवर्द्धन सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२ वमोजिम औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, त्रिपुरेश्वर, काठमाण्डौ र यस उद्योग संघ मकवानपुरको साझेदारीमा आ.व. ०८२/०८३ मा संचालन गरिने व्यवसाय संवर्द्धन कार्यक्रममा सहभागी हुन इच्छुक नव उद्यमीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र व्यवसाय संवर्द्धन सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२ को अनुसूची ७ मा उल्लिखित ढाँचामा यस संघको सचिवालयमा भौलितक रुपमा वा अनलाइन आवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. आवेदन साथ संलग्न गर्नुपर्ने आवश्यक कागजात तथा विवरणहरु :**

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
ख) आफूले गर्न चाहेको उद्यमको नवीनतम सोच सहितको विस्तृत विवरण (कार्ययोजना सहितको स्किम/व्यावसायिक योजना)
ग) कार्यविधिको दफा १५ मा उल्लिखित आचण पालना गर्ने स्वघोषणा
घ) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि
ड.) व्यवसाय दर्ता प्रमापत्रको प्रतिलिपि । व्यवसाय दर्ता नभएकाको हकमा शैक्षिक संस्थाको सिफारिश

**२. आवेदन दिने अन्तिम मिति : २०८२।१२।२९**

३. Link https://forms.gle/Djogyu6caqdPqPD18

**सम्पर्क :**
e mail : aimakawanpur@gmail.com,
मोबाइल नं : ९८५५०३५४१४, ९८४५२८६९०२ (WhatsApp)
Scan me

**(पुनश्च**: रितपूर्वक पेश हुन आएका आवेदनहरु व्यवसाय संवर्द्धन सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२ वमोजिम स्वीकृत मापदण्डको आधारमा छनौट गरी छनौट भएका नव उद्यमीहरुलाई विषय विज्ञहरुको संलग्नतामा उद्यम व्यवसाय सम्बन्धी Boot Camp, आवश्यक तालिम, मेन्टरिङ्ग, बजार विश्लेषण, लेबलिङ्ग, ब्राण्डिङ्ग, वित्तीय तथा कानूनी परामर्श तगायतका क्षेत्रमा सहजीकरण गरिनेछ । इन्क्यूबेशनको अन्तिम चरणमा उत्कृष्ट उद्यम व्यवसाय प्रवर्द्धनको लागि रु. १,००,०००/- बीउ पूँजीको व्यवस्था गरिएको छ ।)


## जनप्रिय माविमा 'सिक्दै कमाउँदै' कार्यक्रम

# विद्यार्थी खेती र पशुपालनमा व्यस्त

समाज संवाददाता

हेटौँडा: हेटौँडा-१६ चिसापानीस्थित जनप्रिय माध्यमिक विद्यालयका विद्यार्थीहरू यतिबेला अध्ययनसँगै कृषि र पशुपालन कार्यमा व्यस्त छन् । विद्यालयले सञ्चालन गरेको 'सिक्दै कमाउँदै' कार्यक्रम अन्तर्गत प्राविधिक धारका विद्यार्थीहरूले व्यवहारिक सीप सिक्दै आम्दानी समेत गर्ने गरेका छन् ।

वि.सं. २०६१ सालमा सीटीईभीटीबाट मान्यता पाएदेखि नै विद्यालयले यो कार्यक्रमलाई निरन्तरता दिँदै आएको विद्यालयका सञ्चार विभाग प्रमुख सुनिल गौतमले जानकारी दिनुभयो । यस कार्यक्रम अन्तर्गत कृषि कार्यका लागि आवश्यक बिउ पुँजी र पूर्वाधारमा विद्यालयले लगानी गर्ने गर्दछ। उत्पादन बिक्री भएपछि विद्यालयले आफ्नो लगानी फिर्ता लिन्छ भने बाँकी मुनाफा विद्यार्थीहरुले नै बाँडेर राख्ने गरेका छन् ।

गौतमका अनुसार कक्षा ९ देखि १२ सम्म प्राविधिक धार (शिक्षा विभाग र सीटीईभीटी) तर्फ अध्ययनरत करिब ३ सय विद्यार्थीहरु वर्षेनि यस कार्यक्रममा सहभागी हुने गरेका छन् । 'अहिले विद्यार्थीहरु आफ्नै कमाइबाट विद्यालयको शुल्क तिर्न सक्ने अवस्थामा पुगेका छन्', गौतमले भन्नुभयो ।



विद्यालयले करिब १ बिगाहा जमिनमा खेती गरिरहेको छ। त्यस्तै, पशु विज्ञान पढ्ने विद्यार्थीहरूका लागि विद्यालयकै फार्ममा राँगा, बाख्रा, खरायो र माछा पालन गरिएको छ । यसबाट विद्यार्थीहरूले केवल सैद्धान्तिक ज्ञानमात्र नभई प्रत्यक्ष व्यवहारिक सीप सिक्ने अवसर पाएका छन् । विद्यालयको यो व्यवहारिक शिक्षाकै कारण यहाँबाट उत्तीर्ण भएका कुनै पनि विद्यार्थी बेरोजगार बस्नु नपरेको विद्यालयको दाबी छ।

जनप्रिय माध्यमिक विद्यालयमा अहिले मधेश प्रदेशदेखि सुदूरपश्चिम प्रदेशसम्मका ३१ जिल्लाका विद्यार्थीहरु अध्ययनरत छन्। बाहिरबाट आउने विद्यार्थीहरूका लागि विद्यालयले छात्र र छात्रा दुबैका लागि छुट्टाछुट्टै छात्रावासको व्यवस्थासमेत गरेको छ ।

यो अभियानमा स्थानीय वडा, पालिका र बागमती प्रदेश सरकारले पनि सहयोग गर्दै आएका छन्। प्रदेश सरकारले बेलाबेलामा कृषि सहायता र टनेल निर्माणमा सहयोग गर्दै आएको छ । चालु आर्थिक वर्ष २०८२/०८३ मा बागमती प्रदेश सरकारले विद्यालयमा 'च्याउको बिउ उत्पादन केन्द्र' निर्माणका लागि ४ लाख रुपैयाँ बजेट विनियोजन गरेको गौतमले बताउनुभयो । यसअघि च्याउको बिउ बाहिरबाट खरिद गर्नुपर्ने बाध्यता रहेकोमा अब विद्यालय आफैँले बिउ उत्पादन गर्ने तयारी गरेको छ।

हाल उत्पादित वस्तुहरु विद्यालयका शिक्षक, विद्यार्थी र स्थानीय बजारमा खपत हुने गरेको छ। तर, उत्पादनको मात्रा बढ्दै जाँदा बजार व्यवस्थापनमा चुनौती देखिएको गौतम बताउनुहुन्छ। 'हामीले ठूलो मात्रामा उत्पादन गऱ्यौं भने यसको वैकल्पिक बजार व्यवस्थापनका लागि स्थानीय र प्रदेश सरकारले चासो दिनु आवश्यक छ', उहाँले भन्नुभयो। उत्पादित वस्तुको ब्राण्डिङका लागि पनि सरकारले आवश्यक नीति र मापदण्ड तयार गर्नुपर्ने आवश्यकता उहाँले औल्याउनुभयो ।


## न्यू स्वर्ण भण्डार सुनचाँदी पसल राप्तिरोडबाट खोपेगल्लीमा सरेको सूचना

हेटौँडा-१०, राप्तिरोडमा रहेको न्यू स्वर्ण भण्डार सुनचाँदी पसल यहि मिति २०८२ साल फाल्गुन २९ गतेदेखि हेटौँडा-४, खोपेगल्लीस्थित आफ्नै भवनमा (रोज एकेडेमी स्कूलसँगै) सरेको सहर्ष जानकारी गराउँदछौँ ।

**प्रो. ज्योति रत्न बज्राचार्य**

**सम्पर्क : ९८४५५९८३०१, ९८०४२२८३६४**

## रोजगारीको अवसर

**हेटौँडास्थित एक होटलका लागि तपसील बमोजिमको कामदार आवश्यक भएकोले इच्छुक, योग्य नेपाली नागरिकले २०८२ चैत १३ गतेसम्ममा सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।**

**तपसील**
कुक - २ जना
काउन्टर सेल्सम्यान-३ जना
किचन (स्वीट्स) हेल्पर : ५ जना ।
बेकरी हेल्पर : ३ जना ।
क्लिनर : २ जना ।

**सेवा, सुविधा आपसी सहमतिमा तय गरिनेछ ।**

**सम्पर्क : ९८२१-२५९३९३**


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ

बुधबारे बालसाहित्य
यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं।

बालबालिकालाई मैत्रीपूर्ण

सामुदायिक रेडियो, रेडियो निकास

...बाँकी पृष्ठ ३ मा